वर्ष : १४, अंक : ८, काठमाडौं, २०७५ जेठ २५ गते शुक्रबार 8 June 2018, Friday पृष्ठ : ८, मूल्य रू : १०

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।

| शुल्क | सेवा |
|---|---|
| रू. ५०००।- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस

हनुमानस्थानचोक, अनामनगर, काठमाडौं

फोन नं. : ०१-४२६६१४१, ९८०८१२५०२४

ई-मेल : madheshmediahouse @gmail.com

# दोधारमा राजपा : मधेशको 'स्टेकहोल्डर' बन्ने दाउमा फोरम

## संघर्ष छाडेका छैनौं : यादव



काठमाडौं । संघीय समाजवादी फोरम नेपालका अध्यक्ष एवम् उपप्रधान तथा स्वास्थ्य मन्त्री उपेन्द्र यादवले सरकारमा जाँदैमा संघर्षको मैदान छाडेको भन्ने नठहर्ने प्रष्ट्याएका छन् । फोरम नेपालको केन्द्रीय कार्यालयमा मंगलबार आयोजित शुभकामना तथा बधाई ज्ञापन कार्यक्रममा उपप्रधानमन्त्री यादवले भने, 'सरकारमा जाँदैमा संघर्ष छाड्यो भन्नु बिल्कुलै गलत हो । हामी झनै प्रभावकारीरूपले आफ्ना मुद्दाहरू राख्न सरकारमा सहभागि भएका हौं । अब संविधान संशोधनका विषय हामी बुँदागतरूपमा प्रस्तुत गरेर पारित गराउनेतर्फ केन्द्रित हुने छौं ।'

उपप्रधानमन्त्री यादवले प्रष्ट बहुमत भएको सरकारले फोरमको आवश्यकताबोध गरेर सरकारमा सहभागि गराउनु पनि उपलब्धि भएको तर्क गर्दै यादवले आफूहरूले उठाएका मुद्दाहरूको सम्बोधन नहुने अवस्था आए कुनै पनि बेला सरकारबाट बाहिरिन सक्ने पनि बताए । उनले आफू अहिले स्वास्थ्य क्षेत्रमा रहेका चुनौति बुझ्ने क्रममा रहेको र चाँडै नै कसरी सर्वसुलभ स्वास्थ्य सेवामा सबैको पहुँच विस्तार गर्न सकिन्छ भन्ने नीति अख्तियार गरी कार्यान्वयनका लागि केन्द्रित रहेको बताए । त्यस्तै सहरी विकास मन्त्री राईले नयाँ र व्यवस्थित सहर निर्माणसम्बन्धी अवधारणाहरू साकार पार्ने अठोट गरे । उनले तराई र पहाडी क्षेत्रका सबै सहरहरूको विकासका लागि आफ्नो कार्यकालमा उदाहरणीय कार्य गर्ने प्रतिबद्धता पनि जनाए ।

कार्यक्रममा फोरम नेपालका बरिष्ठ नेता अशोक राईले देश र जनताका हीतमा काम गर्न पार्टी सरकारमा सहभागि भएको जनाउँदै व्यक्तिगत र स्वार्थप्रेरित काम लिएर मन्त्रीहरूलाई अनावश्यक झमेलामा नपार्न कार्यकर्ताहरूलाई निर्देशन दिए । बरिष्ठ नेता राईले भने, 'हामी देश र जनताको काम गर्न सरकारमा गएका हौं । अनावश्यक कामहरू लिएर कोही पनि मन्त्रालयमा नजाओस् । ताकि भोलि कसैले आफ्नो व्यक्तिगत काम भएन भनेर गुनासो गर्नुपर्ने नहोस् ।' राईले सरकारमा सहभागि हुने मन्त्री चयन पार्टीका सबैको सहमतिमै भएको दाबी गर्दै बरिष्ठ नेता राईले विरोधी तत्वहरूले अनावश्यकरूपमा विवाद गराउन मनगढन्ते रूपमा हल्ला चलाएको पनि बताए । पार्टीका कुनै पनि नेताहरूबीच सरकारमा सहभागि हुने विषयमा मनमुटाव नरहेको बरू झनै एकता सुदृढ भएको पनि राईको दाबी थियो ।

## सरकारविरूद्ध टिप्पणी नगर्न निर्देशन

काठमाडौं । राष्ट्रिय जनता पार्टी नेपालका अध्यक्षमण्डीय नेताहरूले प्रदेश २ को सरकारविरूद्ध कुनैपनि प्रकारको टिप्पणी नगर्न आफ्ना नेता कार्यकर्ताहरूलाई निर्देशन दिएको छ । केन्द्रमा नेकपाको सरकारमा संघय समाजवादी फोरम नेपालको सहभागीतासँगै प्रदेश २ को सरकारको सम्बन्धमा विभिन्न प्रकारका अडकलवाजीहरू सार्वजनिक भैरहँदा त्यस प्रति राजपा नेपाल अध्यक्ष मण्डलको गम्भिर ध्यानाकर्षण भएको संयोजक महन्थ ठाकुरले बिहीबार विज्ञप्तिमार्फत् जनाएका छन् ।

विज्ञप्तिमा भनिएको छ, 'मधेश आन्दोलनको भावना, मधेशी जनताको चाहना एवं मधेशी जनताको जनादेश समेतलाई ध्यानमा राख्दै विविध उत्तार चढाव र परिस्थितिका बीच राजपा नेपालले प्रदेश नं. २ मा मा. लालबाबु राउत नेतृत्वको सरकारलाई समर्थन गर्दै त्यस सरकारमा सहभागी भएर अगाडी बढने निर्णय गरेको हो ।'

लालबाबु राउतको नेतृत्वको राजपा नेपाल सम्मिलित सरकारलाई राजपा नेपालको समर्थन, सहयोग र सहभागिता निरन्तर रहने निर्णय गरेको जानकारी विज्ञप्ति मार्फत गराएका छन् ।

**मधेशवाणी डेस्क**

काठमाडौं । संघीय समाजवादी फोरम नेपाल सिंहदरबार पसेपछि उसका राजनीतिक सहयात्री राष्ट्रिय जनता पार्टी नेपाल बिच्किएको छ ।

सरकारको नीति तथा कार्यक्रममा फोरमले समर्थन जनाएर उ सत्तामा औपचारिक रूपमा प्रवेश गरेपछि यी दुई दलबीचको सम्बन्धमा चिसोपन आएको हो । फोरमले सरकारको नीति तथा कार्यक्रममा संविधान संशोधनको मुद्दा नपरेको भन्दै संशोधन हालेको थियो । तर प्रधानमन्त्री केपी ओली र नेकपा अध्यक्ष पुष्पकमल दाहालसँगको छलफलपछि फोरमले संशोधन फिर्ता लिएर नीति तथा कार्यक्रमलाई समर्थन गर्दै सिंहदरबार प्रवेश गरेको हो ।

संविधान संशोधनको एउटै मुद्दामा फोरम र राजपा सँगसँगै आन्दोलन गरेका हुन् । तर अहिले दुवै पार्टीको सहयात्रा टुटेको छ ।

चुनावमा गठबन्धन बनाएर लडेका दुई दलबीच चुनावपछि नै सम्बन्धमा चिसोपना आउन थालेको थियो । प्रदेश २ को सरकार निर्माण गर्ने बेलामा पनि दुई दलबीच सामान्य खटपट देखिएको थियो । त्यसकै कारण विश्वासको मत लिने बेला राजपाका केही सांसदले समर्थन नगर्ने हुन् कि भन्ने आशंका बढेपछि फोरमले तत्कालीन एमालेलाई समर्थन गरिदिन आग्रह गरेको थियो । प्रदेश २ को संयुक्त सरकार बनेपछि पनि राजपासँग सम्बन्ध सुमधुर नभइरहेका बेला जेठ १८ गते नयाँ घटनाक्रम विकास भएको हो । जसलाई राजपा नेताहरूले पनि सत्ता फेरबदलकै पूर्वाभ्यासका रूपमा लिएका छन् ।

फोरम नेपाल संघीय सरकारमा सहभागी भइसकेपछि मधेशको मुद्दा कमजोर भएको विश्लेषण पनि गर्न थालिएको छ । यद्यपी फोरम नेपाल संविधान संशोधनसहितका दुईबुँदे सहमतिपछि सरकारमा सहभागी भएको हो ।

प्रदेश २ मा भने नेकपाले फोरम नेतृत्वको सरकारलाई दिएको समर्थन फिर्ता लिएको छ । समर्थन फिर्ताको उद्देश्य नयाँ गठबन्धन निर्माण गर्नेतर्फ केन्द्रित रहेको बताइन्छ । फोरम नेतृत्वको सरकारलाई तत्कालीन एमाले र माओवादी केन्द्रले समर्थन गरेका थिए ।



*राजपा अध्यक्षमण्डलसहितका नेतागण । फाइल फोटो ।*

उक्त समर्थनका बेला दुवै दलले सरकारमा सहभागी नहुने तर सरकारलाई नैतिक समर्थन दिने घोषणा गरेका थिए । नेकपाको समर्थन पाएपछि त्यहाँको सरकारलाई दुई तिहाइ समर्थन मिलेको थियो । सरकारमा भने फोरम र राजपा मात्र छन् ।

प्रदेश २ का मुख्यमन्त्री लालबाबु राउतले भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको भ्रमणका बेला दिएको अभिव्यक्तिप्रति पनि नेकपा असन्तुष्ट बनेको थियो । यो विषयलाई प्रधानमन्त्री केपी ओलीले समेत नोटिसमा लिएर गलत भएको भन्दै सार्वजनिक प्रतिक्रिया दिएका थिए । यी सबै घटनाक्रमको नेकपा र फोरमका केन्द्रीय नेताले समीक्षा गरेका छन् । त्यहीं समीक्षाका आधारमा नेकपाले समर्थन फिर्ता गरेको हो । त्यहाँ गठबन्धनमा रहेको राजपा हटेर फोरम-नेकपाको नयाँ गठबन्धन सरकार बनेमा आश्चर्य नहुने नेकपाका एक नेताले बताए । 'जसरी प्रदेश २ को सरकार बन्दा हाम्रो समर्थन रहन्छ भन्ने कसैले सोचेका थिएनन, त्यस्तै अहिले समर्थन फिर्ता लिँदा नेकपा र फोरमको सम्बन्ध बिग्रियो भन्ने बुझियो भने त्यो गलत हुन्छ । अब के हुन्छ भन्ने केन्द्रबाटै केही दिनमा थाहा भइहाल्छ'- ती नेताले भने ।

केन्द्रमा एउटा प्रकारको सरकार बन्ने अनि प्रदेशमा फरक रहने भन्ने राजनीतिक विज्ञानको सूत्र नहुने नेताहरूको भनाइ छ ।

**कमजोर राजपा**

राजपा र फोरमको मुद्दा र एजेण्डा एउटै हो । एजेण्डा र मुद्दा एउटै रहे पनि यी दुई दलबीच कहिले पनि एक मत रहेन । कुनै विषयमा एउटै मत नहुँदा यी दुई दलको बीचमा मतभेद पनि उत्पन्न रहँदै आएको छ ।

संविधान संशोधनका लागि दबाब बढी रहेको बेला नेपाल कम्युनिष्ट पार्टीले फोरम नेपाललाई सरकारमा सहभागी गराउनुको अर्थ फोरम र राजपाबीच फुट गराउनु पनि रहेको छ । किनभने राज्यले दुबै पार्टीलाई धेरै हदसम्म फुट गराउन सफल भएको हो ।

**राजपा अब के गर्ने ?**

दुई नम्बर प्रदेशमा फोरम नेपालको साथ छाड्ने कि विषयमा राजपाभित्र छलफल शुरू भएको छ । काठमाडौंमा एक सार्वजनिक कार्यक्रममा राजपाका महासचिव मनिस सुमनले प्रदेश २ को सरकार तथा केन्द्र सरकारबाट समर्थन फिर्ता लिने चेतावनी दिनुको अर्थ नै दुबै दलबीच सम्बन्ध चिसिएको हो ।

'केन्द्रमा फोरम नेपालले राजपालाई छाडेर गईसकेपछि प्रदेशमा फोरम नेपाललाई किन समातेर बसिरहने'-सुमनको तर्क छ ।

प्रदेश २ का जनताले राजपा र फोरम नेपाललाई मिलेर सरकार बनाउन म्याण्डेट दिएको कारण यो गठबन्धन तोड्न नहुने राजपाले आफ्नो औपचारिक निर्णय गरेको छ । फोरम सरकारमा गएपछि राजपाका शीर्ष नेताहरू संयमित प्रतिक्रिया दिदै छन भने युवा नेताहरूको आक्रोशपूर्ण अभिव्यक्तिले राजपालाई अप्ठ्यारोमा पारेको छ ।

फोरमको सरकारमा सहभागिता, प्रदेश २ बाट नेकपाको समर्थन फिर्ता, राजपाको आगामी बाटोको विषयमा स्वयं उ दोधारमा छ । यस्तो गम्भीर विषयमा पनि पार्टीले धारणा तय गर्न नसक्नु पार्टी भित्रको आन्तरिक कचिलो हाबी भएको देखिन्छ ।

फोरम र नेकपाको गठबन्धन प्रदेश २ मा बन्यो भने त्यसपछि राजपा नेपालको भूमिका के हुने हो भन्ने विषयमा पार्टी मौन छ ।

यदि प्रदेश २ को सरकार ढल्यो भने राजपा नेपाल सहभागी हुन पाउनेछैन ।

*बाँकी पृष्ठ ८ मा*

## 'अध्यक्षमण्डल खारेजीका लागि संघर्ष गर्छौं'

काठमाडौं । राष्ट्रिय जनता पार्टी नेपालको राजनीतिक समितिको बैठक सरेको छ । जेठ २५ गते शुक्रबारका लागि तय गरिएको राजनीतिक समितिको बैठक असार ४ गते सोमबार बस्ने भएको छ । सो बैठकले महाधिवेशनको मिति तय गर्ने, संसदीय दलको नेता चयन गर्ने र संघीय सरकारलाई दिएको समर्थनबारे निर्णय लिइने राजपाका महासचिव राजीव झाले जनाएका छन् । उनले राजपाको आगामी बैठकबाट महत्वपूर्ण निर्णयहरू गरिने भएकोले यसलाई बढी महत्वका साथ लिइएको बताए । पार्टी गठनका बेला एक वर्षभित्र राजपाले महाधिवेशन गरिसक्नुपर्ने थियो तर अहिलेसम्म महाधिवेशनको अतोपत्तो छैन भन्ने मधेशवाणीको जिज्ञासामा उनले भने,"आगामी बैठकले महाधिवेशनको मिति तय गर्छ । सो बैठकले महाधिवेशनको मिति तय नगरे अध्यक्षमण्डल खारेजीका लागि पार्टीभित्र संघर्ष गर्ने चेतावनीसमेत दिएका छन् । उनले अध्यक्षमण्डलीय पद्धतिका कारण पार्टी एकीकरण भएको एक वर्षभन्दा बढी समय बितिसक्दा पनि भ्रातृ संगठनहरू, जिल्ला कार्यसमितिहरू व्यवस्थित हुन नसकेको गुनासो गरे । महाधिवेशन नहुँदा पार्टीमा गुटबन्दी हावी भएको जस्तो देखिएको उनले बताए ।

## प्रदेश २ सरकारको नीति तथा कार्यक्रम सार्वजनिक



जनकपुर । प्रदेश २ को सरकारले आर्थिक वर्ष २०७५/०७६ को नीति तथा कार्यक्रम सार्वजनिक गरेको छ । प्रदेशसभाको बसेको बैठकमा सरकारका तर्फबाट प्रदेश प्रमुख रत्नेश्वरलाल कायस्थले नीति तथा कार्यक्रम प्रस्तुत गरेका हुन् । यसअघि प्रदेश सरकारले चालु आर्थिक वर्षको लागि चैत २८ गते नीति तथा कार्यक्रम ल्याएको थियो ।

प्रदेश सरकारले कृषि तथा सिचाईं क्षेत्रको विकास गर्दै 'हरेक खेत मे पानी, हर हाथमे काम' भन्ने नारालाई नीति तथा कार्यक्रममा जोड दिएको छ । यस्तै खेती योग्य जग्गामा सिचाईं सुविधा उपलब्ध गराइ पानी र कामलाई प्राथमिकताका साथ अगाढी बढाउने नीति कार्यक्रममा उल्लेख छ । प्रदेश सरकारले आफ्नो नीति तथा कार्यक्रममा 'चुरे जोगाऔं मधेस बचाऔं' नारालाई अभियानको रूपमा सञ्चालन गर्ने पनि समावेश गरेको छ ।

*बाँकी पृष्ठ ८ मा*

## चौधरीको रिहाईका लागि राजपाले दबाब दिने



काठमाडौं । राष्ट्रिय जनता पार्टी, नेपालले पार्टीका सांसद रेशमलाल चौधरीलाई तत्काल रिहाई गराउन सरकारलाई दबाब दिने भएको छ । पार्टीको अध्यक्षमण्डल बैठकले ज्यान मार्ने अभियोग अन्तरगत जेल चलान भएका कैलाली क्षेत्र नम्बर १ प्रत्यक्षतर्फका सांसद चौधरीलाई तत्काल रिहा गर्न सरकारलाई दबाब दिन लागेको हो । सांसद चौंधरीको रिहा गरी सपथको व्यवस्था गर्न पनि सरकारलाई पुन: दवाव दिनु परेको पार्टीका नेता राजकिशोर यादवले जानकारी दिए । टीकापुर घटनाको आरोपमा आफ्ना कार्यकर्तामाथि लगाइएको झूटा मुद्दा तत्काल फिर्ता गर्न पनि राष्ट्रिय जनता पार्टी नेपालले सरकारको गम्भिर ध्यानाकर्षण गराएको छ । बैठकमा संविधान संशोधन कहिले गर्ने भनि सरकारको आधिकारिक धारणा माग गर्ने विषयमा पनि छलफल भएको थियो ।

**फोरम किन मौन ?**

नेकपासँग दुईबुँदे सहमति गरी सरकारमा सहभागी भएको संघीय समाजवादी फोरम नेपालले आन्दोलनकारीहरूमाथि लागेको झुठा मुद्दा फिर्ता, कैदीबन्दीहरूको रिहाईको विषयमा मौन देखिएको छ । संविधान संशोधनबाहेक यस्ता मुद्दाहरू मन्त्रिपरिषद्स्तरीय बैठकबाटै हुन सक्ने भएपनि फोरमबाट सरकारमा सहभागी भएका उपेन्द्र यादव यसप्रति अहिलेसम्म मुख खोलेका छैनन् । आन्दोलनकारीहरूको मुद्दा फिर्ताबारे सरकारलाई दबाब नदिँदा आफ्नै पार्टीका नेता कार्यकर्ताहरू रूष्ट देखिएका छन् । आन्दोलनका क्रममा फोरमका पनि कयौं नेता कार्यकर्ताहरूमाथि मुद्दाहरू लागेका छन् ।

## कुन पार्टीमा कति महिला ?

| पार्टी | केन्द्रीय सदस्य संख्या | महिलाको संख्या | प्रतिशत |
|---|---|---|---|
| नेपाल कम्युनिष्ट पार्टी | ४४१ | ७५ | १७.६८ |
| नेपाली कांग्रेस | ७५ | १६ | २१.३३ |
| राजपा नेपाल | ८१५ | १२९ | १५.८२ |
| संघीय फोरम | २६८ | २८ | १०.४४ |

## नेकपासँग एकीकरणको सम्भावना छैन : फोरम

काठमाडौं । संघीय समाजवादी फोरम नेपालले नेपाल कम्युनिस्ट पार्टी (नेकपा) सँग पार्टी एकीकरणको कुनै सम्भावना नरहेको स्पष्ट पारेको छ । नेकपासँग दुई बुँदे सहमति गर्दै जेठ १८ गते सरकारमा सहभागी भएको फोरम नेपालले नेकपासँग पार्टी एकीकरण गर्न लागेको समाचारप्रति आपत्ति जनाउँदै फोरम अध्यक्ष यादवले कुनै सत्यता नरहेको प्रेस विज्ञप्ति जारी गरी स्पष्ट पारेका हुन् । 'विगत केही दिनयता विभिन्न संचारमाध्यम र सामाजिक सञ्जालहरूमा संघीय समाजवादी फोरम, नेपाल र नेकपाबीच पार्टी एकीकरण हुन लागेको भनी प्रचार गरिएको छ', फोरम अध्यक्ष यादवद्वारा जारी विज्ञप्तिमा भनिएको छ, 'यसमा कुनै सत्यता छैन ।' सुनियोजित ढंगले भ्रम सिर्जना गरिएको भन्दै फोरमले यसमा विश्वास नगर्न सबैमा आग्रह पनि गरेको छ ।



**समृद्धिको आधार नै मधेश हो, तर उपेक्षा गरिँदै आएको छ**

– सुबोध नारायण झा



**सरकारमा जान्नौं भनेर कसम खाएका छैनौं**

– प्रमोद प्रसाद गुप्ता

अन्तर्वार्ता पृष्ठ ३ मा

## संघीय बहस

संगीता रेग्मी



# प्रदेश २ : प्राथमिकतामा मुद्दा कि सत्ता ?

**सशक्त आन्दोलनबाट राष्ट्रिय राजनीतिमा प्रभाव पार्न सक्ने शक्तिको रूपमा उदाएको राजपा नेपाल र फोरम नेपालले मधेशको मुद्दा विसर्जन गर्ने हो भने पार्टीको अस्तित्व नेपालको राजनीतिबाट हराउन धेरै समय नलाग्ला ।**

उपेन्द्र यादव नेतृत्वको संघीय समाजवादी फोरम नेपाल केपी ओली नेतृत्वको केन्द्रीय सरकारमा सहभागी भएसँगै नेपाली राजनीति फेरि एकचोटि तरंगित भएको छ । जे-जस्ता मुद्दा र एजेन्डा उठाएर राजनीति गरे पनि यसको प्रमुख ध्येय भनेको सत्ता प्राप्ति नै हो । उपेन्द्र यादवले पनि त्यही बाटो रोजे, जसमा हरेक राजनीतिक दलका नेताहरूले पुग्ने सपना देखेका हुन्छन् । उपप्रधान तथा स्वास्थ्य मन्त्रालय र सहरी विकास मन्त्रालय लिएर सरकारमा सहभागी भएका उपेन्द्र यादवको सत्ता यात्रा भने त्यति सहज देखिँदैन ।

प्रदेश नम्बर २ मा राष्ट्रिय जनता पार्टी नेपाल र फोरम नेपाल गठवन्धन निर्माण गरी निर्वाचनमा सहभागी भएको हुनाले परिणाम पनि राम्रै ल्याए । उता प्रदेश २ मा राजपा र फोरमको संयुक्त सरकार चलिरहेको समयमा केन्द्रमा राजपालाई छाडेर फोरम मात्र सरकारमा सहभागी हुनाले कतै प्रदेशको गठबन्धन टुट्ने त होईन भने आशंका गर्न थालिएको छ । संविधान संशोधन मात्र होइन पुनर्लेखन नै गर्नुपर्छ भन्दै चर्को भाषण गर्दै हिँडेका उपेन्द्र यादव अहिले परिवर्तनलाई संस्थागत गर्न सरकारमा जानु आवश्यक थियो भन्दै आफ्नै बचाउ गर्दैछन् । फोरम सरकारमा सहभागी हुनु आफैंमा नकारात्मक होइन तर मधेशको मुद्दालाई केन्द्रमा राखेर राजनीति गरेका, विभिन्न चरणका आन्दोलन र निर्वाचनमा गठबन्धन बनाएर सहभागी भएको राजपा नेपालसँग सल्लाह, परामर्श र छलफल नै नगरी सत्ताको लोभमा फँस्नुले फोरमलाई कतै भविष्यमा घाटा त पुऱ्याउँदैन भन्ने विश्लेषण पनि गर्न थालिएको छ ।

फोरम केन्द्रीय सरकारमा सहभागी हुँदा राजपा किन सहभागी भएन ? राजपा र फोरमले उठाउँदै आएका माग समान भए पनि किन दुबै दलले मिलेर दबाब दिन सकेको छैन ? के अब राजपा केन्द्रीय सरकारमा सहभागी नै हुँदैन त ? यस्ता धेरै विषयहरू अहिले नेपाली राजनीतिमा बहसको विषय बनेको छ ।

कैलाली क्षेत्र नम्बर १ बाट प्रतिनिधि सभामा निर्वाचित आफ्नो सांसद रेशमलाल चौधरीलाई रिहा गरी सपथग्रहण गराउनु पर्ने, झुठा मुद्दा लागेका नेता तथा कार्यकर्ताहरूको मुद्दा फिर्ता गरी रिहा गर्नुपर्ने र संविधान संशोधन गर्नुपर्ने आफ्नो मुख्य माग सम्बोधन भए केन्द्रीय सरकारमा सहभागी हुनसक्ने राजपा नेपालका नेताहरूको अभिव्यक्ति आइरहेको छ । उता, फोरमले दुई तिहाइ बहुमतमा रहेको सरकारलाई संविधान संशोधनको लागि थप बलियो बनाउन सरकारमा गएको तर्क गरिरहेको छ ।

६ वटा प्रदेशमा बाम गठबन्धनको सरकार छ भने प्रदेश २ मा राजपा र फोरमको संयुक्त सरकार रहेको छ । प्रदेश २ को सरकारलाई दिएको समर्थन नेपाल कम्युनिष्ट पार्टीले फिर्ता लिए पछि नयाँ समीकरणको पनि चर्चा चलेको छ । अब प्रदेश २ मा फोरम र नेकपाबीच गठबन्धन बनेर नयाँ सरकार त बन्ने होइन भन्ने चर्चा पनि सुरू भएको छ । यद्यपी यस विषयमा दुवै पार्टीले आ-आफ्नो धारणा सार्वजनिक गरेको छैन तर भित्रभित्रै केही न केही खिचडी पाकि रहेको आभास मिल्न थालेको छ ।

फोरमको केन्द्रमा सहभागिता पछि प्रदेश २ का मुख्यमन्त्री लालबाबु राउतको पद नै गुम्ने हो कि भन्ने चर्चा सेलाउन नपाउँदै प्रदेश २ मा फोरम र नेपाल कम्युनिष्ट पार्टीको सरकार निर्माण हुन सक्ने आंकलन पनि गर्न थालिएको छ । मधेशी जनताले लामो समयको आन्दोलन भोगे, हरेक क्षेत्रमा आन्दोलन कै कारण पछाडि परिरहे अन्य प्रदेशहरू विकासको सवालमा छलफल गर्न थालिसक्दा यस प्रदेशमा वर्चस्व बनाएका मधेशी दलहरू अहिले पनि पदीय लोभ र लालचको राजनीतिमा व्यस्त छन । राजपाका महासचिव मनिस सुमनको भनाइमा

*बाँकी पृष्ठ २ मा*



## सम्पादकीय



# उपेन्द्रको अग्निपरीक्षा

संघीय समाजवादी फोरम नेपाल सरकारमा सहभागी भएको ठिक एक महिना अगाडि बैशाख १७ गते पार्टीका सहअध्यक्ष राजेन्द्र श्रेष्ठले भनेका थिए-सरकारमा जानका लागि आफूहरूले खुट्टा उचालेका छैनौं। उनले संविधान संशोधन नभएसम्म सरकारमा नजाने पनि दाबी गरेका थिए। तर, त्यस एक महिनामै फोरम संविधान संशोधनका लागि भन्दै कम्युनिष्ट नेतृत्वको सरकारमा सहभागी भएको छ। यद्यपी श्रेष्ठले ओली सरकारले आफूहरूलाई सरकारमा लैजान खोज्नुको मतलब संविधान संशोधन हुने संकेत हो पनि भनेका थिए। हुन त फोरमले गत फाल्गुनमै सरकारमा जाने औपचारिक निर्णय गरेको थियो तर जेठ १७ गते सत्तारूढ नेपाल कम्युनिष्ट पार्टीसँग २ बुँदे सहमति गरेर त्यसको भोलिपल्ट अध्यक्ष उपेन्द्र यादव र नेता इस्तियाक राईले मन्त्रीको सपथ लिए।

संविधान संशोधनका लागि अनवरत संघर्ष गर्दै आएको फोरमका लागि अहिले सरकारमा जानु उपयुक्त थियो वा थिएन भन्ने बहस सुरू भएको छ भने प्रदेश २ मा फोरम-राजपा नेपाल मिलेर बनेको गठबन्धन सरकारको भविष्यका बारेमा पनि चर्चा परिचर्चा सुरू भएको छ। तत्कालीन एमाले र माओवादी केन्द्रले प्रदेश २ को सरकारलाई समर्थन गरेको थियो तर दुवै दल एकीकृत भएपछि समर्थन फिर्ता लिएको घोषणा गऱ्यो। एकीकृत पार्टीले प्रदेश २ को सरकारबाट समर्थन फिर्ता लिए पनि फोरम र राजपाको गठबन्धन सरकारलाई कुनै असर गरेको छैन तर केन्द्रीय सरकारमा फोरमको सहभागिता पछि त्यसको बाछिटा भने अवश्य परेको हो।

संविधान संशोधनको नाममा केन्द्रीय सरकारमा फोरम सहभागी भएपछि यसले मधेशको राजनीति पनि तातेको छ। अब राजपा के गर्छ, फोरम कसरी अगाडि बढ्छ, संविधान संशोधन हुन्छ/हुँदैन भन्ने प्रश्नहरू उब्जिन थालेको छ। तर यसको जबाब यसै

> संविधान संशोधनको नाममा केन्द्रीय सरकारमा फोरम सहभागी भएपछि यसले मधेशको राजनीति पनि तातेको छ। अब राजपा के गर्छ, फोरम कसरी अगाडि बढ्छ, संविधान संशोधन हुन्छ/हुँदैन भन्ने प्रश्नहरू उब्जिन थालेको छ। तर यसको जबाब यसै दिन सकिन्न।

दिन सकिन्न। आगामी केही दिनको राजनीतिक घटनाक्रमले नै यस कुरालाई पुष्टि गर्नेछ। फोरमको सात वर्षपछिको सत्तायात्रा पनि कम जोखिमपूर्ण छैन। संविधान संशोधन वा आफ्नो माग पूरा गराउनका लागि सरकारमै जानुपर्छ भन्ने छैन। यदि फोरमले यस्तै तर्क गर्ने हो भने संविधान जारी पछि बनेका काँग्रेस, एमाले र माओवादीको सरकारमा किन सहभागी भएन ? सरकारमै गएर माग पूरा हुने हो भने पछिल्लो सरकारहरूमा फोरम सहभागी भएको भए हुन्थ्यो नि। तर अहिले दुई तिहाइ स्पष्ट बहुमतमा रहेको सरकारमा गएर फोरमले के सन्देश दिन खोजेको स्पष्ट छैन। उसको लागि केवल सत्ता सुख मात्र हो कि बास्तविक संशोधन हो भन्ने कुरा आगामी दिनमै थाहा हुनेछ। प्रधानमन्त्रीमा केपी शर्मा ओलीलाई विश्वासको मत दिएपछि प्रदेश २ मा वर्चश्व बनाएको संघीय समाजवादी फोरम र राजपा नेपालको वाम गठबन्धन नेतृत्वको केन्द्रीय सरकारमा जाने बाटो खुलेको थियो। तर राजपाभन्दा फोरमले दाउ मारेको छ। वास्तवमा दुबै पार्टी सरकारमा जानका लागि सुरक्षित अवतरण खोजिरहेका थिए र न्यून आलोचनाका साथ उनीहरू सरकारमा जान चाहेका पनि छन्।

संविधान संशोधनको एक सूत्रीय विषयमा फोरम राजपाबीच समान धारणा छैन भने त्यसका लागि कार्यगत एकता पनि छैन। दुबै दल अलग अलग प्रकारले संशोधनको कुरा उठाइरहेका छन्। यहि संशोधनको नाममा पनि राजपा सरकारमा प्रवेशको बाटो खोज्दै छ। मधेशको मुद्दामा विगतमा सँगै लडेका यी दुई दल आखिर निर्वाचन पछिको ताजा जनादेश र राजनीतिक अवस्थामा किन समान रूपमा सँगै जान नसेकका हुन् ? यो गम्भीर प्रश्नको जबाब खोज्ने बेला आएको छ। खासमा फोरमको सत्तायात्राको विराम पार्टी भित्र उत्पन्न विवादका कारणले लागेको थियो। अध्यक्ष उपेन्द्र यादवको मन्त्री बन्ने चाहना र पार्टीका अन्य नेताहरूमा आफू नै मन्त्री बन्ने तीव्र आकांक्षाले पार्टीले सन्तुलन मिलाउन नसक्दा उसको सरकारमा प्रवेश ढिलो भएको हो। उता, राजापाभित्र पनि यस्तै प्रकारको विवाद छ। शीर्ष नेताहरू नै मन्त्री बन्ने दौडमा रहेका कारण उसले पनि सन्तुलन मिलाउन सकेको छैन भने पछिल्लो पटक प्रहरी हिरासतमा रहेका रेशमलाल चौधरीको विषयले उसलाई सरकारमा जान रोकेको हो। संविधान संशोधन र रेशम चौधरीको विषयमा सत्तारूढ दलको प्रतिबद्धता आएमा राजपा पनि सरकारमा जान सक्छ।

संविधान संशोधन गर्ने विषयमा संघीय समाजवादी फोरम नेपालसँग सत्तारूढ दलले गरेको सैद्धान्तिक सहमति जस्तै राजपाले पनि चाहेको छ। फोरम नेपालसँग भएको सहमति जस्तै राजपा नेपालसँग भयो भने सरकारमा सहभागी हुन सहज हुने देखिन्छ। संविधान संशोधन तथा कार्यान्वयनका लागि दुई तिहाई बहुमत चाहिन्छ त्यसका लागि राजपा नेपाल र फोरम नेपाल सरकारमा जानुपर्ने ती दलका नेताहरूको तर्क छ। उनीहरूले अहिले नै सविधान संशोधन गरि दिनुपर्छ नभने पनि सुनिश्चितता मात्र खोजेका हुन्।

## साताको सात बात



'कांग्रेस अब कम्युनिष्टको विकल्प हुन सक्दैन, 'अब कम्युनिष्टको विकल्पको रूपमा फोरम हुन्छ भन्ने कुरा स्थापित हुँदै गईरहेको छ। संविधान संशोधन गराउने शर्तमै म सरकारमा सामेल भएको हुँ परिर्वतलाई संस्थागत गर्न सरकारमा जानु आवश्यक थियो। **उपेन्द्र यादव (अध्यक्ष, फोरम नेपाल एवम् उपप्रधान तथा स्वास्थ्यमन्त्री)**



फोरम नेपाल आफ्नो निर्णयले केपी ओली नेतृत्वको सरकारमा सहभागी भएको छ। यसबाट दुई नम्बर प्रदेशको हाम्रो गठबन्धनमा कुनै असर पर्दैन। अब संशोधन र आन्दोलन दुवैको बाटो खुलेको छ। **राजेन्द्र महतो, नेता, राष्ट्रिय जनता पार्टी**



प्रदेश २ मा मधेशको माग एवम् म्याण्डेडअनुसार राजपा फोरमको गठबन्धनको सरकार निर्माण भएको छ। यो सरकारलाई कसैले हल्लाउन नि सक्दैन। संविधानमा दर्जनौं स्थानमा संशोधन गर्नुपर्ने भएकाले संविधान संशोधनको लागि दुईतिहाई बहुमतको आवश्यकता परेको हुनाले फोरम सरकारमा सहभागी भएको हो। **लालबाबु राउत, मुख्यमन्त्री, प्रदेश २**



नेपालमा राजनीतिक स्थायित्व दिनुछ भने मधेशको समस्या समाधान गर्नैपर्छ। अहिले प्रधानमन्त्री ओलीजीले जुन सम्वृद्ध नेपाल, सुखी नेपाली भन्नुभएको छ, त्यसका लागि मधेशको माग सम्बोधन गर्नुपर्छ। **राजकिशोर यादव, नेता, राष्ट्रिय जनता पार्टी**



निर्वाचनभन्दा पहिले अर्कै कुरा, अहिले बहुमत ल्याएपछि सरकारमा रहेका दलहरूलाई कार्यकारी राष्ट्रपति किन चाहियो ? मुलुकलाई नयाँ बाटोतर्फ किन लैजान खोजिँदैछ ? हाम्रो प्राथमिकता त समृद्धि र सुशासन हो नि। मुलुकलाई नयाँ नयाँ कुराको प्रयोग किन गर्नुपर्यो ? नेपाल प्रयोगशाला होईन। **प्रदिप पौडेल, नेता, नेपाली कांग्रेस**



उपेन्द्र यादव ७ वर्षपछि सरकारमा सहभागी भएका छन् यो राम्रो हो। कुनै क्षेत्रको, कुनै जातको होईन सिँगो देशको नेतृत्व उपेन्द्र यादवले लिनुपर्छ। मुलुकको भविष्य र राष्ट्रियताको चिन्ता गर्नेमा उहाँ उभिनुहुन्छ। मधेशबाट प्रधानमन्त्री बन्ने उहाँ नै हो। **मनोज गजुरेल, कलाकार**



मधेश आन्दोलनको भावना विपरीत उपेन्द्र यादव सरकारमा गएका हुन्। नेकपा र फोरम नेपालबीच भएको दुई बुँदे सहमति सत्तामा चढ्ने सिँढीमात्रै हो। यही जेठ २५ गते बस्ने राजपा पार्टीको राजनीतिक समितिको बैठकबाट प्रदेश नम्बर २ को सरकारबाट अलग हुने र केन्द्र सरकारलाई दिएको समर्थन फिर्ता निणय गर्नेछ। **मनिष सुमन, नेता, राजपा नेपाल**

# एकाधिकार पाएको राजनीतिको निष्कर्ष

**विचार-विश्लेषण** भाग-१२



**उपेन्द्र झा**

> मधेशको राजनीतिलाई माइक्रो-मेनेजमेन्टको आधारमा नियन्त्रण गरिएको छ। कुनै बेला गैरमधेशी पार्टी त्यागेर मधेशको राजनीतिक मञ्चबाट शासकहरूलाई हुँकारको भाषामा चुनौती दिने मधेशका नेताहरू विस्तारै मधेशको मञ्च त्यागेर शासक कै मञ्च सजाउन गएका छन्। कोही व्यक्तिगत त कोही टिम लिएर सेबामा हाजिर भएका छन्। शासकवर्ग पनि आफ्नो सफल रणनीतिमा व्यंग्यात्मक अट्टहास गरिरहेका छन्।

राजतन्त्रपछि नेपाली राजनीतिमा वामशक्तिले पाएको एकाधिकार पहिलो पल्ट हो। द्वन्द्वको प्रादुर्भाव तथा यसको व्यवस्थापनमा लागेको अढाई दशकपछि संक्रमणकालको अन्त र वामशक्तिको नेपाली राजनीतिमा एकलौटी वर्चस्व कायम भएको छ। कमजोर प्रतिपक्षको प्रभावहीन भूमिकामा रहेको नेपाली काँग्रेस सरकारलाई लगाम लगाउने अवस्थामा पनि छैन। आफ्नो शर्मनाक पराजय तथा गुट उपगुटमा विभक्त नेपाली काँग्रेस गतिहीनताको अवस्थामा भूमिकाविहीन बनेको छ। प्रतिपक्षमा बस्न बाध्य नेपाली काँग्रेसले प्रतिपक्षको भूमिकालाई पनि बिर्सेको छ।

संघीय सरकारको मनोवाञ्छित कार्यमा कहीं कतै अवरोध नरहेको अवस्थामा निर्विघ्न विकास कार्य अगाडि बढ्नेमा शंका रहेन। प्रदेश नं. २ ले अवरोध पैदा गरेको थियो त्यो पनि संसफोसंगको २ बुन्दे सहमतीका साथ हटेको छ। तत्काल वा स्थाई रूपले यो समस्या संघीय सरकारका लागि संसफोले समाधान गरि दिएको छ। आत्मसमर्पणको अवस्थामा राज्यमा सामेल गराउने बाध्यात्मक परिस्थितिले संसफोलाई राज्य सुविधामा सामेल गराईएको हो। त्यसमा पनि प्रदेश नं. २ मा आफ्नै नेतृत्वको सरकारलाई बदलेर नेकपा नेतृत्वको सरकार बनाउन भद्र सहमतीको आधारमा संसफोलाई संघीय सरकारको हिस्सा बनाईएको हो। मो. लालबाबु राउतको सरकार जुन बेला पनि समाप्त हुने सम्भावना बढेको छ। संघीय सरकारसंग संसफोको यस्तो खाले आत्मसमर्पण कसैले चिताएको थिएन। लालबाबु राउतको भनाईलाई उपेन्द्र यादबले समर्थन गरि रहँदा, आफ्नो बेईज्जती बुझ्ने प्रधानमन्त्री के. पी. शर्मा ओलीले उनलाई हटाउन खोज्दा त्यसमा समर्थन जनाउने संसफोको यो कस्तो खाले राजनीति हो। मधेशका राजनीतिक दलहरूको भिन्न भिन्न समयमा अवसरका लागि गरिने आत्मसमर्पण के मधेशको स्वाभिमान विपरित होईन ? के नेताहरूको अवसर प्राप्ति नै मधेशको उपलब्धि हो ?

प्रतिद्वन्द्वी राजपा संसफोको आत्मसमर्पणबाट आनन्दानुभूति गर्नु स्वाभाविक हो। तर उनले पनि संघर्ष छाडेर चुनावमा भाग लिएको थियो। यो पनि एक प्रकारको आत्मसमर्पण थियो। संघीय सरकारको विशालकाय आकारको विरूद्ध जहाँ सबैले आत्मसमर्पण गरि रहेका छन्, राजपा संघर्ष थाल्ने दुस्साहस गर्न सक्दैन। उनलाई पनि सत्तापक्षलाई समर्थन गरि सत्ता स्वाद लिनुबाहेक अर्को विकल्प छैन। त्यस्तै राजपालाई पछाडि छोडेर संसफो सत्तामा प्रवेश गरेको एक किसिमको खुशी उसलाई पनि छ। पारस्परिक सहकार्य रहेपनि एक अर्कासंग कुनै कनेक्शन विकास भएको छैन। एक अर्कालाई समाप्त पार्ने प्रतिस्पर्धा कायम रहेको व्यवहारबाट स्पष्ट देखिन्छ।

नेपाल कम्युनिष्ट पार्टीको सामुन्ने अवरोध पैदा गर्ने कुनै शक्ति नरहेकोले सरकार मनोवाँञ्छित कार्यहरू गर्ने शुभ अवसर पाएको छ। शक्तिको मदान्धताले छोएन भने सरकारले भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी जस्तै विकासको फड्को मार्न अनुकूल समय पाएको छ। वैदेशिक लगानीको अनुकूल वातावरण पनि साथ दिने अवसर यो सरकारसंग रहेको तथा विगतमा परनिर्भरताको अवस्थामा भोगेको नाकाबन्दीले सरकारलाई आत्मनिर्भरतातर्फ परिस्थितिले उन्मुख गरेको हुनु पर्दछ।

प्रदेश नं. २ मा मधेशीले आफ्नो सरकार बनाएर पहिलो पल्ट स्वाभिमानको उच्चता प्राप्त गरि गौरवान्वित भएको थियो। १० वर्षदेखि मधेशलाई उसको माँगबाट पछाडि धकेल्दै आएपछि असन्तुष्टताको धरातलमा बलपूर्वक संविधान घोषणा भयो। मोदीको जनकपुर भ्रमणको बेला यही असन्तुष्टता खुलेर सतहमा आएको थियो। संविधानलाई स्वीकार गरि चुनाव लडेका पार्टीले संविधानको विरोध गर्नु हुँदैन। तर भद्रगोल राजनीतिमा जेपनि चल्ने चलन रहेकोले मुख्यमन्त्रीले पनि सोही चलन अनुसार व्यवहार गरेको हो। संसफोको अध्यक्षले पनि मुख्यमन्त्रीको असन्तुष्टतालाई समर्थन गरेर मुख्यमन्त्रीको हौसला बुलन्द गरेका थिए। उनले संघीय सरकारबाट सम्मानित भएर मन्त्री पद पाए। तर प्रदेश नं. २ का मुख्यमन्त्रीलाई बलिको बोका बनाईने राजनीतिक वृतमा प्रशस्त हल्ला फिंजाईएको छ। अपराधमा समान रूपले दण्डित हुनु पर्नेमा संघीय सरकारको पक्षपातपूर्ण व्यवहार निश्चय पनि निन्दनीय छ।

प्रदेश नं. २ को सरकारप्रति बक्रदृष्टि राख्नु संघीय सरकारको निम्नस्तरीय सोच हो। शक्तिशाली सरकारको साना कुरामा मधेश सरकारप्रति कडा व्यवहार मधेशप्रति सहिष्णु बन्न नसक्नुको ठूलो उदाहरण हो। मधेशका नेता भनाउँदाहरूलाई आत्मसमर्पण गराएपछि मधेशी जनतालाई पनि आत्मसमर्पण गराउने नियत आउँदो दिनको राम्रो संकेत होइन। साना साना कुराको प्रतिशोध लिने नियतबाट प्रेरित संघीय सरकारले निर्वाध अगाडि बढ्नमा शंका लाग्छ।

सरकारको दमनात्मक व्यवहारबाट विगतमा मधेश र सरकारबीचको बढेको दूरी त्यसैपनि कम भएको छैन। पहिलो पल्ट मधेश आफ्नो सरकार बनाउन सफल भएकोमा सरकार गिराएर प्रदेश नं. २ मा पनि आफ्नो वर्चस्व कायम गर्ने संघीय सरकारको सोच रहेको व्यापक चर्चा छ। यदि यसरी नै गर्ने हो भने जनहितको कार्य अवरूद्ध हुनेमा शंका छ। एकातिर सरकारको बरिष्ठता छ भने अर्कोतिर नेपाली राजनीतिमा असन्तुष्टताको तीव्र प्रवाह पनि छ। यो बीचको सन्तुलन कायम गर्न नसके कार्यकालको आयु छोट्टिने सम्भावना पनि छ।

शक्ति प्राप्त गरि आउने उन्मादबाट संघीय सरकार बच्नु पर्दछ। मेरो नाफाको जीवनले म नेपालको प्रगतिमा खर्च गर्छु भन्ने आशयमा साधुत्व झल्के पनि व्यवहारमा कठोरताको प्रदर्शनले संघीय सरकार शंकाको घेरामा आउने निश्चित छ। सरकारको निरंकूशता समक्ष मधेशलाई आत्मसमर्पण गराउने नियत छ। मधेशको स्वाभिमानमाथि कठोर प्रहार गरि हीनताबोध गराउने आशय छ। मधेशसंग प्रतिशोध लिने संघीय सरकारको यो नियत मधेशलाई कहाँबाट कहाँ पुऱ्याउँछ संघीय सरकारले नसोचेको होला। राज्यसत्ता आफ्नो कब्जामा लिने पूर्व राजा ज्ञानेन्द्र शाह पनि यही सोच राखेको थियो। तर के भयो ?

शक्तिले उन्माद दिन्छ। तर शासकवर्गको चाहना अनुरूप परिस्थिति मिलेको छ कि छैन भन्ने कुरा महत्वपूर्ण हो। शासकको उन्मादलाई परिस्थितिले आत्मसात गर्न सकेन भने त्यहाँ विग्रह उत्पन्न हुन्छ। विग्रहले द्वन्द्व ल्याउँछ। द्वन्द्व उपस्थित भयो भने ठुल्ठूला शक्तिहरू पनि धाराशायी हुने कुरा सम्झाई राख्नु पर्ने कुरा होईन।

राजनीति दावपेंचका साथ तत्कालिन एमाले नेपाली राजनीतिका सफल खिलाडीको रूपमा सतहमा देखिएको हो। मनोवाँछित संविधान घोषणा, तीनै तहको निर्वाचन, निर्वाचनमा सबै राजनीतिक दलहरूलाई परास्त गरि शीर्षस्थान प्राप्त गर्नु, नेपाली काँग्रेसलाई शर्मनाक हार दिनु, मधेशलाई पछाडि धकेल्नु, माओवादी केन्द्रलाई आफ्नो पार्टीमा विलय गराउनु र बाम शक्तिको नेपाली राजनीतिमा प्रभूत्व कायम गर्नु आदि तत्कालीन एमाले पार्टीका ठूला उपलब्धि हुन्। ६ प्रदेशमा बामशक्तिको एकलौटी सरकार छ। प्रदेश नं. २ मा पनि निकट भविष्य मै संघीय समाजवादी फोरमको सरकारलाई अपदस्थ गरि बामशक्तिको सरकार बन्ने पृष्ठभूमि तयार हुँदैछ।

आफ्नो माँगप्रति अडान राखेर मधेशका दुबै पार्टी (संसफो र राजपा) सरकार विरूद्ध संघर्षमा उत्रेका थिए। संघर्ष कै दौरान संविधान कार्यान्वयनको विषय लिएर सरकार मधेशका दलहरूलाई पन्छाउँदै एक एक पाइला सार्दै अगाडी बढि रहेको थियो। कालो दिवस मनाएर संविधानको विरोध गर्ने दलहरू विस्तारै क्रमिक रूपमा सरकार समक्ष आत्मसमर्पण गरि संविधानलाई स्वीकार गरि चुनाव लडेर प्रदेश नं. २ मा सरकार बनाउन सफल पनि भएका थिए।

आजको राजनीतिमा निर्ल्लज्जताको चरम सीमा पार गरेपछि मात्र नेता बन्ने योग्यता प्राप्त हुने भएकाले यो योग्यता प्राप्त गर्न मधेशका नेतागणहरू अहोरात्र अध्ययन जारी राखेर प्रमाण पत्र प्राप्त गरेका छन्। नेपाली काँग्रेस, नेपाल कम्युनिष्ट पार्टीका सिद्धहस्त नेताको दाँजोमा मधेशका नेताहरू पनि पुगी सकेकाले मधेशमा ईमानदारी, आदर्श आदि क्षेत्र उजाड भई सकेको छ। यस क्षेत्रमा फ्याँकिएको मधेशका मुद्दाहरू, शहीदका चिहानहरूबाहेक केही देखिएका छैनन्। ऐतिहासिक घटनाहरू पढ्न आजका विद्यार्थी, अन्वेषणकर्ता, पर्यटक यदाकदा यस क्षेत्रको अवलोकन गर्न आउँदा हुन्।

मधेशका दलहरू यदाकदा छुटेका मुद्दाहरूप्रति आफ्नो स्वामित्वको दावा गरेपनि त्यो विशुद्ध रूपमा आफ्नो स्वार्थ पूरा गर्नका लागि स्लोगन दिएको मात्र हो। मधेशको मुद्दासंग अब यिनको कुनै लेना देना छैन। यिनलाई विस्तारै समातेर खोरमा खोपि सकेको छ। महमा झरेको झिंगालाई छोड्दा मर्छ, बाहिर निकाल्दा पनि मर्छ। यही हाल राजपा र संसफोको भएको छ। एउटा भित्र छ, अर्को बाहिर छ। दुबै मधेश मुद्दाभन्दा बाहिर छ।

मधेशको राजनीतिलाई माइक्रो मेनेजमेन्टको आधारमा नियन्त्रण गरिएको छ। कुनै बेला गैरमधेशी पार्टी त्यागेर मधेशको राजनीतिक मञ्चबाट शासकहरूलाई हुँकारको भाषामा चुनौती दिने मधेशका नेताहरू विस्तारै मधेशको मञ्च त्यागेर शासक कै मञ्च सजाउन गएका छन्। कोही व्यक्तिगत त कोही टिम लिएर सेबामा हाजिर भएका छन्। शासकवर्ग पनि आफ्नो सफल रणनीतिमा व्यंग्यात्मक अट्टहास गरि रहेका छन्। तर मधेशका नेताहरू आत्मसमर्पण गरेर पनि रमाई रहेका छन्। "तैरै डोको तैरै टाउकोमा ठोकौं" भन्ने उखानलाई चरितार्थ गरिएको छ। संघीयता माँग्ने मधेशलाई यस्तो संघीयता दिएको छ कि त्यो घाँडोलाई नराख्न सकिन्छ, नफ्याँक्न। संघीयता लिएर के भो, आफ्नो प्रदेशमा पनि आफ्नो शासन छैन। कस्तो संघीयता दिइएको छ कि आत्मसमर्पण गर्ने बाध्यात्मक परिस्थिति आएको छ। के मधेशले यही संघीयताको कल्पना गरेको थियो ?

janukjha24@gmail.com

## प्रदेश २ : ...

उनको पार्टीले प्रदेश २ को सरकार र केन्द्र सरकारलाई दिएको समर्थन फिर्ता लिने चेतावनी दिनु भनेको प्रदेश २ राजनीतिक अस्थिरता र अनिश्चितता तर्फ धकेल्नु हो। प्रदेश २ लाई विकास र समृद्धिको बाटोमा डोऱ्याउनुको सट्टा राजनीतिक चक्रव्यूहमा फसाउनु पक्कै राम्रो होइन।

अन्तिम अवस्थामा निर्वाचनमा सहभागी भएका राजपा र फोरमले आपसी सहकार्य कै कारण अपेक्षाभन्दा बढी मत ल्याउन सफल भएका हुन। यसबाट पनि के पुष्टि हुन्छ कि मधेशी जनता अब आन्दोलन होइन विकास, शान्ति र समृद्धि चाहन्छन्। तर यसको ठिक उल्टो बाटोमा मधेशी दलहरू गइरहेका छन्।

मधेशी जनताले आफ्नो मतबाट राजपा र फोरम एक होस् भन्ने म्यान्डेट दिएका छन्। तर अहिले प्रदेश २ मा राजपा र फोरमको गठबन्धन धेरै दिन टिक्दैन भन्दै हिड्नुको अर्थ मधेशको राजनीतिक कोर्सले अर्को बाटो लिन खोज्दैछ।

केन्द्र र प्रदेशमा उत्पन्न भएका विभिन्न सवालहरूमा नेतृत्वको तर्फबाट प्रष्ट धारणा नआउनु र राजपाका नेतृत्व पंक्ति आफ्नै पार्टीभित्र आलोचित बन्दै जानु मधेशी दलहरूको कमजोर पाटो हो।

सशक्त आन्दोलनबाट राष्ट्रिय राजनीतिमा प्रभाव पार्न सक्ने शक्तिको रूपमा उदाएको राजपा नेपाल र फोरम नेपालले मधेशको मुद्दा विसर्जन गर्ने हो भने पार्टीको अस्तित्व नेपालको राजनीतिबाट हराउन धेरै समय नलाग्ला। प्रदेश २ मा कायम भएको आफ्नो गठबन्धनलाई अगाडि बढाउँदै केन्द्रीय सरकारसँगको सहकार्यमा यो प्रदेशलाई सवल र सक्षम बनाउनु अहिलेको आवश्यक्ता हो र यही मार्गबाट अगाडि बढ्न सकेमा मात्र तीन चरणको मधेश आन्दोलनमा सहादत प्राप्त गरेका सयौं सपुतहरूको सपना साकार हुन्छ।

## मधेशको ऐतिहासिकता थाहा नहुनु अनौठो होईन

**टिप्पणी**



अब्दुल खान

दोस्रो पटक प्रधानमन्त्री भएका केपी शर्मा ओली विगत मधेश आन्दोलनदेखि काफी चर्चामा आएका हुन्। खासगरी उखान टुक्काका धनी मानिने प्रम ओली कुनै हास्य कलाकारहरूभन्दा कम छैनन्। कुनै बेला मधेशीहरूलाइ अधिकार लिन युपी, विहार जाऊ भन्ने ओलीले मधेश त भारतको मध्यप्रदेशमा छ त्यहाँ गएर मधेशीहरूले अधिकार माग्दा हुन्छ भन्ने गरेका थिए। तिनै प्रधानमन्त्री ओलीजी भारतबाट मानार्थ पि.एच. डी को सर्टिफिकेट लिइ डा. के.पी भएका छन्। उहाँले मधेश भन्ने देश थिएन वाहियात कुरा भन्नू स्वाभाविक जस्तो मलाइ लाग्छ।

यदि उहाँ साँच्चिकैको ईतिहास, भूगोलको डाक्टर हुनुहुन्थ्यो भने नेपाल भन्ने देश थिएन, अहिलेको नेपाल गोरखा भन्ने राज्यको विस्तारित रूप हो भन्नुहुन्थ्यो होला, मधेश भन्ने देशको ऐतिहासिकताको जानकारी नहुनु कुनै अनौठो होइन।

मधेश भन्ने देशको इतिहासलाई खोतल्न मनुस्मृति, रामायण, महाभारत, मुगलवंशवली, अंग्रेज आगमनको जानकारी, नवाब वजिरहरूको जमिनदारी, जनकपुर, सिमरौनगड, कपिलवस्तु, दाङ्ग र कंचनपुर जस्तो ठाउँहरूको भौगोलिक र ऐतिहासिकताको जानकारी हुनुपर्दछ। यति मात्रा हैन मधेशको ईतिहास बुझ्नलाई, बाबुराम आचार्यको नेपालको इतिहास, बालचन्द्र रेग्मीको पुस्तक, फ्रेडरिक गेजद्वारा लिखित नेपालको राष्ट्रियता र क्षेत्रियता भन्ने जस्तो पुस्तक हेर्नुपर्छ।

यतिमात्र हैन नेपालको ऐतिहासिक वंशावलीहरू हेर्नुपर्छ, तत्कालीन नेपालका राजाहरू र अंग्रेज ईष्ट इन्डिया कम्पनी सरकारबीच भएका सन्धी सम्झौता हेर्नुपर्छ,जुन उहांको करिकुलममा पर्दैन।

डा. के पीजीलाई त हावाबाट बिजुली निकालिने, घर घरमा ग्यांस पुर्याउने, वेरोजगारी भत्ता दिने, बृद्धा भत्ता पाँच हजार पुर्याउने, समुन्द्रमा जहाज चलाउने, मधेशीहरूलाई युपी र बिहार देखाउन देखि फुर्सद छैन। उहाँले मधेश भन्ने देश थियो भन्ने कुरा थाहा नपाउनु कुनै अनौठो होइन। (लेखक स्वतन्त्र मधेश गठबन्धनका प्रवक्ता हुन्।)

# समृद्धिको आधार नै मधेश हो, तर उपेक्षा गरिँदै आएको छ

अलिकति पनि सामान्य ज्ञान हुने जो कोहीले पनि भन्न सक्छन् लगानी त्यहाँ गर्नुपर्छ जहाँ छिट्टो प्रतिफल दिन सकोस् । प्रत्येक देशमा स्रोत र साधन सीमित हुन्छ । लगानी कहाँ गर्नुपर्छ, जहाँ छिटो प्रतिफल दिन्छ । त्यो त मधेशमा मात्र सम्भव छ ।



सुबोध नारायण झा
अर्थविद् तथा प्राध्यापक

**○ नेपालको इतिहासमै पहिलो पटक संघीय सरकारले आफ्नो पहिलो बजेट ल्याएको छ, यसलाई समग्रमा कसरी लिन सकिन्छ ?**

– संघीय नेपालको यो पहिलो बजेट आएको छ, यो सकारात्मक पक्ष हो । समय तालिकाअनुसार संघीय संसदमा बजेट प्रस्तुत भएको छ । यहि नै आफैमा एउटा उपलब्धि हो ।

**○ सरकारको *समृद्ध नेपाल सुखी नेपाली* भन्ने नारालाई यो बजेटले मूर्तरूप दिन सक्छ ?**

– वास्तवमा यो नारा भन्दा पनि यहाँ तुकबन्दी गर्ने परम्परा रहेको छ । बजेटको समयमा शब्द विन्यास गरेर नेपालीमा तुकबन्दी गर्ने कार्य हुँदै आएको छ । जो वास्तवमा विकास र समृद्धि छुट्टाछुट्टै कुरा होइन । यो एक अर्कासँग गाँसिएको कुरा हुन्छ । विकासलाई एकातिर राख्ने समृद्धिलाई अर्कातिर राखेर औचित्य हुँदैन । अर्को कुरा, यो सरकारको आफ्नै तर्कहरू छन्, त्यो बेग्लै कुरा हो आफ्नो ठाउँमा । खासगरी बौद्धिक समुदायलाई पच्ने कुरा त राखिदिनु पर्‍यो । तुकबन्दी भन्दा पनि अर्को विकल्प खोज्नुपर्छ ।

**○ यो बजेटले समृद्धिको आधार तय गर्न सक्यो कि सकेन ?**

– यो बजेटले वास्तवमा हेर्ने हो भने त समृद्धिको आधार तय गर्न सकेको छैन । जुन संविधानलाई नै सबैभन्दा पहिलो आधार मान्नुपर्ने हो तर त्यसैलाई नै उल्लंघन गरिएको छ । तापनि अहिले जुन किसिमबाट प्रस्तुत भएको छ, त्यो सुवर्ण शमशेरको पालादेखि अहिले डा. युवराज खतिवडाको पालासम्ममा कुनै तात्विक फरक ल्याएको छैन । यसले खास केही परिवर्तन ल्याउँछ भन्ने लाग्दैन ।

**○ भनेपछि यो बजेट पनि विगतकै बजेटको निरन्तरता हो ?**

– हो । यो निरन्तरता नै हो, सरकारले आफ्नो एउटा औपचारिकता पूरा गरेको हो । किनभने सरकार भनेको एउटा राजनीतिक निकाय हो र उसले एउटा आफ्नो आर्थिक दस्तावेज बजेटको रूपमा प्रस्तुत गर्नुपर्ने बाध्यता हुन्छ र त्यहीं परम्पराको निर्वाह मात्रै गरेको हो ।

**○ यो बजेटको राम्रा पक्षहरू के-के छन् ?**

– वास्तविक बजेट दुई किसिमको हुन्छ । दुई महिना अघि भएको समीक्षात्मक बैठकमा सरकारले दुईमुखे कुरा गरेको छ । पहिले यस्तो-यस्तो काम गर्न सकिन्छ भनेर चित्रण गर्ने पछि विविध कारणहरू देखाई यो हुनै सक्दैन भनेर आधार दिने । यो सरकारको पुरानो परम्परा हो । यो कुनै एउटा अर्थमन्त्रीको मात्र कुरा होइन । राजनीतिक इच्छाशक्तिको अभावमा सधैं हामीलाई खट्किरहेको छ । कहिल्यै पति सही तरिकाले कार्यान्वयन भएन । अर्थशास्त्रको कुनै सिद्धान्तमा मेल नखाने किसिमको बजेट अहिलेसम्म प्रस्तुत भएको छ । यो बजेट बाहुलीबकस थियोरीमै आएको हो । किनकि अर्थमन्त्रीले बजेट ल्याउँदा प्रधानमन्त्रीकै निर्देशन मात्र पालना गरेका हुन्छन् । बजेट प्रस्तुत गर्दा संविधानले निरूपण गरेको न्यूनतम् प्रावधानहरूलाई समेत पालना गरेको छैन । विरोधाभासपूर्ण कुरा छ । सम्मानीय प्रधानमन्त्री नै राष्ट्रिय योजना आयोगको अध्यक्ष हुने उल्लेख छ । यो विषयमा परम्परागत आधारमा आउनु पर्ने थियो त्यो पनि भएको छैन । दोस्रो कुनै संवैधानिक निकायको व्यवस्था गरेको छैन । संघीय सरकारले जनतालाई कहिले पनि झुक्याउने काम गर्नुहुँदैन । संविधानको कार्यान्वयन आफूबाट नगर्ने तर अरूबाट कसरी गराउन सक्छ ।

**○ यो बजेटले जनतालाई झुक्याउने र सपना बाँड्ने काम मात्र गरेको छ हो ?**

– पहिले पनि सपना नै बाँडेको हो । अहिले पनि जनताले केही अनुभूति गरेकै छैन । अहिलेको स्थितिमा प्राप्त भएको उपलब्धी पनि डुबाउने अवस्था आएको छ । किनभने अहिले संघीयता आयो । हामी तीन तहको सरकारको एकैचोटी १५ खर्बको बजेट ल्याउँछौं भनेर कुराहरू ल्याएको छ हाम्रो अगाडि । तर बाँडफाँडको आधार के हुन्छ, कसो हुन्छ, विभिन्न प्रदेशहरूको भावना कस्तो छ, त्यो कुराहरू छैन । यो त तथ्यांकलाई तोडमोड गरेर अगाडि प्रस्तुत गरिदिने, केही गरी अप्ठयारो परिस्थिति आयो भने विविध गफाडी किसिमका कुराहरू त आइरहेकै छ । पन्छाउने किसिमका कुराहरू हुन्छन् । आरोप लागेको छ भने सहि छ कि छैन भनेर त्यो कुराको निरूपण गरिदिनुपर्छ । प्रधानमन्त्रीको कार्यालयमा सबैभन्दा बढी बजेट विनियोजन गरेको छ भनेर तर्क आइरहेको छ । यो कुन प्रधानमन्त्री हो ? राणाकालीन या संविधान बमोजिम गठित भएको प्रधानमन्त्री कार्यालय हो ? कतै पनि पुनर्निर्माणका कुरै छैन, पैसा थन्केको थन्क्यै छ । त्यो कहाँ छ, प्रधानमन्त्री कार्यालयमा । यस्ता कुराहरू गर्न त मिल्दैन नि ।

**○ मधेशको दृष्टिकोणबाट हेर्दा बजेटलाई कसरी हेर्नुहुन्छ ? मधेशको के-के समेटिएको छ ?**

– वास्तवमा जुन किसिमबाट हामी राष्ट्रिय अर्थतन्त्रको कुरा गर्छौं, यो देशमा तीन किसिमको अर्थतन्त्र छ । एउटा पहाडको अर्थतन्त्र, मधेशको अर्थतन्त्र र तेस्रो राजधानीको अर्थतन्त्र छ । यी तीन भागमा कसरी समायोजन गरेको छ, बाँडफाँड गरेको छ राष्ट्रिय सम्पति या बजेटको त्यो कुरालाई स्पष्ट गर्नु पर्‍यो । जुन मधेशको कुरा तपाईले उठाईरहनुभएको छ त्यो कुरा मलाई पच्दै पच्दैन । किनभने सबैले महशुस गरेको कुरा हो कि यो देशको समृद्धिको आधार नै मधेश हो । यसलाई कसैले नकार्न सक्दैन । तर, मधेशलाई नै बेवास्ता गर्दै आएको छ । सबैथोक हुँदाहुँदै पनि युवावर्गहरू देश बाहिर गएर घाममा पसिना बगाइरहेका हुन्छन् । यो त ध्रुवसत्य हो नि ।

**○ समृद्धिको आधार मधेश भएको हिसाबमा यो बजेट मधेशमैत्री कति छ ?**

– अलिकति पनि सामान्य ज्ञान हुने जो कोहीले पनि भन्न सक्छन् लगानी त्यहाँ गर्नुपर्छ जहाँ छिट्टो प्रतिफल दिन सकोस् । प्रत्येक देशमा स्रोत र साधन सीमित हुन्छ । लगानी कहाँ गर्नुपर्छ, जहाँ छिटो प्रतिफल दिन्छ । त्यो त मधेशमा मात्र सम्भव छ । जहाँ हामी गोलभेंडादेखि नुनसम्म आत्मनिर्भर बन्न सकेका छैनौं त्यो देशमा अर्थशास्त्रीहरूको ध्यान कहाँ हुन्छ ? यसको लागि एउटा राष्ट्रिय बहस नै चलाउनुपर्छ । राज्यले आफ्नो कमजोरी स्वीकार गर्नैपर्छ र आगामी दिनमा बजेटका स्रोत भएका ठाउँहरूलाई प्राथमिकतामा राख्नुपर्छ । अनि मात्र राष्ट्रिय अर्थतन्त्रले फड्को मार्न सक्छ वा राष्ट्र समृद्धितर्फ उन्मुख हुन्छ ।

**○ सरकारले तराई मधेशबाट सबैभन्दा बढी राजश्व प्राप्त गर्छ तर बजेट त्यहाँ नै कम विनियोजन गर्छ, यस्तो हुनुको कारण के होला ?**

– मुख्य कुरा त के छ भने अर्थशास्त्रबाट सहि रूपमा निर्दिष्ट गरेको कुराहरूतिर कहिल्यै पनि अग्रसर हुन चाहेनौं । नतिजा के भयो भने लगानीको तरिका सही भएन । हामी भन्छौं मधेशप्रति विभेद भयो । शासकको यहाँसम्मको मानसिकता छ कि मधेशमा सिंचाइ दिनु हुँदैन, मलखाद्य दिनु हुँदैन किनभने सबै बगेर भारततिर जान्छ । परम्परागत प्रणालीलाई आजसम्म पनि निरन्तरता दिएका छन् । राणाकालीन जस्तो कसैले हुकुमी शासन चलाउँछु भन्छ भने त्यस्तो सोच नराखे पनि हुन्छ । किनभने जनता धेरै अगाडी बढिसकेका छन् । देशको सोच धेरै अगाडि गइसकेको छ । जबरजस्ती गरेर, लोभलालचमा पारेर पन्छाउने कोशिस गरिन्छ । म के देख्छु भने संविधानको धेरै किसिमबाट उल्लंघन सरकारले नै गरिरहेको छ ।

**○ अन्त्यमा, सरकारले तराई-मधेशका लागि भनेर जति पनि बजेट छुट्याएको हुन्छ त्यसको आधा बजेट पनि खर्च नभई फ्रिज भएर जान्छ, यसमा तपाई के भन्नुहुन्छ ?**

– एउटा धारणा के छ भने तराई-मधेशमा सरकारले जे-जति बजेट छुट्याए पनि र मधेशमा जसको सरकार आए पनि त्यो बजेटलाई खर्च कसरी गर्ने भन्ने बानी नै छैन । किनभने जनप्रतिनिधिको नगन्य हैसियत हुन्छ । माथिबाट आएका निर्दिष्ट बजेटहरू आर्थिक वर्षको अन्त्यमा बाँडफाँड गर्छन् । त्यहि अन्तिममा बाँडफाँड गरेको बजेट सक्नका लागि रातदिन नभनी वर्षको अन्तिममा काम हुने गर्छ । तापनि बजेट सकिन्छ जस्तो मलाई लाग्दैन । यो त एउटा प्रवृत्ति हो । जहाँसम्म मधेशको सवाल छ, नकारात्मक सोच लिएर मान्छेहरू सत्ता पक्षमा बसिरहेका छन् । उहाँहरूलाई मधेश चाहिन्छ, मधेशी चाहिन्न भनेर हुँदैन । यसलाई पनि स्वीकार गर्नु उहाँहरूको इमान्दारिता हो भनेर मैले बारम्बार भन्ने गरेको छु ।

# सरकारमा जाँदैनौं भनेर कसम खाएका छैनौं

राजपाका ६ वटा मित्रहरूलाई म जानकारी गराउन चाहन्छु, जब संविधान निर्माण गर्ने समयमा हाम्रो दुईतिहाई बहुमत थियो त्यतिबेला उहाँहरू सरकारको पछि-पछि लागेर सबै मुद्दालाई बर्वाद किन पारे ? त्यस समयमा आँखा खुलेन ? अहिले हामी संविधान संशोधन गर्ने भनेर नै सरकारमा गएका छौं । उहाँहरूको त्यो कुरा आफैमा मेल खाँदैन ।



प्रमोद प्रसाद गुप्ता
राजनीतिक समिति सदस्य, संघीय समाजवादी फोरम नेपाल

**○ संघीय समाजवादी फोरमले नेपाल कम्युनिष्ट पार्टीसँग गरेको दुई बुँदे सहमतिप्रति तपाई सन्तुष्ट हुनुहुन्छ ?**

– म के कुरामा सहमत छु भने अहिले दुई तिहाई बहुमतको सरकार छ । हाम्रो माग संविधान संशोधनमार्फत सम्बोधन हुने हो । माग संशोधनका लागि दुई तिहाई अनिवार्य हुनुपर्छ । यस अर्थमा जबसम्म नेकपालगायतका दल मिलेर दुई तिहाई मत पुर्‍याउँदैन तबसम्म संविधान संशोधन हुन सक्दैन । त्यसैले सरकारमा जानुको प्रमुख कारण नै संविधान संशोधनको लागि नै हो । हामीलाई पूरा विश्वास छ, यसपटक संविधान संशोधन हुनेछ ।

**○ संविधानमा मधेश आन्दोलनका क्रममा उठाइएका मागहरूलाई आवश्यक्ता अनुसार सम्बोधन गरिने भनिए पनि संविधानमा मधेश आन्दोलनका बारेमा नै उल्लेख छैन नि ?**

– मधेश आन्दोलनलाई अब संविधानमै उल्लेख गर्नुपर्ने आवश्यक्ता छ जस्तो लाग्दैन । किनभने मधेश आन्दोलनले गर्दा नै देशमा संघीयता लागू भएको हो । यो भन्दा ठूलो उपलब्धी अरू केही हुन सक्दैन ।

त्यसैले संविधानमा मधेश आन्दोलन उल्लेख भएन भने पनि त्यो खासै ठूलो कुरा म मान्दिन । मधेश आन्दोलनमा आदिवासी, जनजाती र पिछडिएका वर्गसमेत सहभागी भएका थिए । हिमाल, पहाड र मधेश तीनै ठाउँमा आन्दोलन भएका कारणले त्यही शब्द नै समेटिएन भन्दैमा त्यसलाई नकारात्मक रूपमा हेर्नु हुँदैन ।

**○ तपाईंहरूले गर्नुभएको दुई बुँदे सम्झौताको दोस्रो नम्बर कार्यान्वयन भइसक्दा अब पहिलो नम्बर जो संविधान संशोधनसँग सम्बन्धीत छ, कहिलेसम्म गर्ने भनेर समयसीमा तोकिएको छैन, यसमा तपाई के भन्नुहुन्छ ?**

– तपाईंले भन्नु भएको ठिकै हो, सहमति [illegible] संशोधनको समयसीमा तोकिएको छैन । हुन त यो सरकारले १०० दिनको कार्यकाल पूरा गरिसकेको छ । तर हाम्रो लागि त सरकार नयाँ हो । हाम्रो लागि नयाँ भएकाले केही निश्चित समयसम्म हामी हेर्छौं । संविधान संशोधनको कुरामा आलटाल भयो भने यो कुरा हाम्रो दलबाट उठ्छ र पार्टीकै निर्णय अनुसार नै पार्टीमा बस्ने, समर्थन दिने, नदिने भन्ने कुरा आउँछ । अहिले यसमा विरोधित कुरा गर्नु भन्दा पनि संविधान संशोधनतिर हामी अगाडि बढौं र हुने संकेत अहिले हामी हेरिरहेका छौं । त्यसकारण यसमा म धेरै आशावादी वा निराशावादी हुन चाहन्न ।

**○ यो सरकारले संविधान संशोधन गर्नका लागि कहिलेसम्म लगाउँछ ?**

– यसका लागि दुई या तीन महिनासम्म हेर्नेछौं, त्यो भन्दा बढी हेर्न पनि हुदैन ।

**○ यो अवधिभित्र सरकारले संविधान संशोधन गर्नुपर्छ ?**

– हो ।

**○ यदि यो समयभित्र पनि गरेन भने तपाईंहरूको रणनीति के हुनेछ, सरकार छोड्नु हुन्छ ?**

– निश्चित रूपमा हाम्रो संघर्षको बाटो सडक हुन्छ र सदनबाट पनि हुन्छ ।

**○ संघीय फोरमले पहिले संविधान पुर्नलेखन हुनुपर्छ भन्दै थियो तर पछि संविधान संशोधन हुनुपर्छ भन्दै आएको छ, यसबाट तपाईंहरूको अडानमा एकरूपता छैन । यसरी त जनतामा भ्रम फैलिन्छ होइन र ?**

– समय र परिस्थितिअनुसार राजनीतिक कुराहरूमा परिवर्तन भइरहन्छ । एउटै अडान लिएर हामी अगाडी बढ्न सक्दैनौं । तलमाथि अगाडि बढ्नैपर्छ । दुई कदम अगाडि बढ्यो भने एक कदम पछाडि पनि अवश्य नै फर्कनु पर्छ । अनि मात्र लक्ष्यसम्म पुग्न सकिन्छ । हाम्रो अडान त्यहींसम्म हुनेछ जुन कुरा पूरा हुनका लागि सम्भव छ ।

**○ संविधान संशोधन नभई मधेशमा चुनाव हुँदैन तपाईंकै पार्टी अध्यक्षले भन्नु भएको थियो । अहिले दुई बुँदे सम्झौता गरेर सरकारमा जानभयो. यसलाई जनतासामु यसको आधार पुष्टि कसरी गर्नुहुन्छ ?**

– जबसम्म संविधान संशोधन हुँदैन तबसम्म हाम्रो सामु प्रश्न चिन्ह खडा भइरहन्छ । तर राजनीतिमा राजनीतिज्ञले यो प्रश्नको उत्तर दिन सक्छ । किनभने संविधान संशोधन भन्ने कुरा कसैले बोल्दैमा हुने होइन । यो राजनीतिक विषय हो र बहुमतसँग सम्बन्धित छ । हामी तीन वटा दल मिलेर पनि यो संख्या पुर्‍याउन सक्दैनौं । जबसम्म नेकपा तयार हुँदैन । त्यसकारण एउटा बौद्धिक रूपमा राजनीतिक गर्ने व्यक्तिले यो कुरा बुझिरहेको छ । बौद्धिक वर्गलाई भेटेर नै हामीले सहमति गरेका हौं । हामीले कसम नै खाएर आएका होइनौं अर्थात जनतासँग कुनै पनि हालतमा सरकारमा जाँदैनौं भनेर कसम खाएर आएका होइनौं । हामीले राजनीतिक गरिरहेका छौं भने संसदमा हामी छौं भने सरकारको मानको कुरा पनि छ । त्यसकारण हामी सरकारमा जानुको आधार पनि छ ।

**○ तपाईंहरू सरकारमा गएपछि संविधान संशोधन हुन्छ ?**

– हामी संविधान संशोधनकै लागि सरकारमा गएको हौं । यदि सरकारमा जानु मात्रै लक्ष्य थियो भने पहिले नै हामी सरकारमा जान सक्थ्यौं । जबसम्म नेकपा एमाले र माओवादी केन्द्र संविधान संशोधन गर्नका लागि तयार भएन तबसम्म हामी सरकारमा गएनौं । त्यस समयमा हाम्रो माग भएकै हो । तर ती दलहरूले हाम्रो मागलाई स्वीकार गरेर, लिखित सम्झौता गरेका कारण आज हामी सरकारमा गएका छौं ।

**○ यस्ता सम्झौता त विगतमा धेरै भइसकेका छन् तर यहि सम्झौताकै भरमा संशोधन हुन्छ जस्तो लाग्छ ?**

– विगतदेखि अहिलेसम्मको इतिहास हेर्ने हो भने सम्झौताहरू धेरै भएका छन् तर कार्यान्वयन भएको छैन । त्यसकारण त्यो शंका हुनु स्वभाविक नै हो । तर यसमा हाम्रो गल्ती के छ ? त्यसकारण विगतमा भएका गल्ती अहिले नदोहोरिउन् भन्ने हाम्रो आशा रहेको छ । यो पटक सरकार र सत्तारूढ दलले संशोधनका लागि प्रतिवद्ध भएका छन् । सञ्चार माध्यममै आएर प्रधानमन्त्री स्वयंले भन्नुभएको छ कि जनताको माग अनुसार र आवश्यक्ताअनुसार हामी संविधान संशोधन गर्छौं ।

**○ हत्या अभियोगमा कैदी जीवन बिताइरहेका नेकपाका वालकृष्ण ढुंगेल गणतन्त्र दिवसको अवसरमा मुक्त भए तर जनताबाट नै निर्वाचित रेशमलाल चौधरी मुक्त हुन सकेनन्, यस विषयमा दुई बुँदे सहमति मौन छ । के रेशम चौधरी तपाईंको पार्टीको नभएका कारण नबोल्नु भएको हो ?**

– यो एउटा राजनीतिक मुद्दा हो । आन्दोलनको समयमा लाखौं मानिसहरू सडकमा आए, भौतिक संरचनाहरू नष्ट भयो । ममाथि पनि मुद्दा छ । यो सोच्नुपर्ने विषय छ । यो कुरा अदालतले पनि बुझ्नुपर्छ । राजनीतिक मुद्दा हो कि कसैको व्यक्तिगत हो । यो अवस्था छुट्याउनुपर्ने हुन्छ । मैले भनेर या हाम्रो दलले भनेर बालकृष्ण ढुंगेललाई किन छोडियो या किन मुद्दा लगाइयो भन्दा पनि यो मुद्दा नयाँ पनि होइन धैरै पुरानो हो । माओवादीको भनाईअनुसार संसदीय व्यवस्थामा आयौं भने हामीमाथि लागेका मुद्दाहरू त खारेज हुनुपर्छ । एकातिर उहाँहरूको माग जायज हो भने अर्कोतिर पीडित पक्षबाट हेर्दा उहाँहरूको जनधनको क्षति भएको छ, उहाँहरूले न्याय पाउनुपर्छ । यसमा राजनीतिक निर्णय बिना गाह्रो हुन्छ । यस्तो अवस्थामा एकतिर राम्रो हुन्छ भने अर्कोतिर नराम्रो हुन्छ । यसमा न्याय कसरी हुन्छ भन्ने कुरा भन्न गाह्रो हुन्छ ।

**○ मधेश आन्दोलनको क्रममा भएका घटनाको प्रतिवेदन सरकारमा बुझाइसक्दा त्यसलाई सार्वजनिक गर्न मधेशी दलहरूको चासो देखिएको छैन, किन ?**

– मधेश आन्दोलन मात्रै होइन देशमा भएका राणाकालीन घटना, दरबार हत्या काण्ड, माओवादी जनआन्दोलन, मधेश आन्दोलनका घटनाहरूलाई उच्चस्तरीय आयोगले प्रतिवेदन तयार पारेर सरकारलाई बुझाए पनि कुनै पनि घटनाको प्रतिवेदन सार्वजनिक हुन सकेको छैन । मलाई के लाग्छ भने यी सबै घटनाहरूलाई उजागर गर्ने हो भने यहाँ भएका ठूला नेताहरू नै फस्छन् । सायद त्यहि कारणले नै होला सार्वजनिक नगराइएको हो । मेरो व्यक्तिगत धारणाअनुसार भन्नु पर्दा प्रतिवेदन सार्वजनिक गर्नुपर्छ, त्यो अभियोग म माथि नै किन नपरोस् । यहि कमजोरीले गर्दा सुशासन कायम हुन सकेको छैन ।

**○ फोरम अहिले सरकारमा छ, फोरमले त्यसको लागि दबाब दिन्छ कि दिँदैन ?**

– सरकार र सत्ता दुईटा कुरा हो । सरकारमा हामी छौं तर सत्तामा छैनौं । यो हामीले बुझ्नुपर्छ । अहिलेसम्म पिछडिएका वर्ग, जो संघर्ष गरिरहेका दलहरू छन् तिनीहरू अहिलेसम्म सत्तामा पुगेको छैन । यो सरकारमा हामी सहभागी मात्र हो सत्तामा होइन । जुन दिन हामी सत्तामा हुन्छौं त्यसदिन हाम्रो अध्यक्षले निर्णय गर्नुहुन्छ । त्यसकारण दुई वटा मन्त्री लिँदैमा सरकारका सबै निर्णय परिवर्तन गरिदिने कुरा सजिलो छैन र त्यो भन्नु पनि हुँदैन ।

**○ आन्दोलनको क्रममा सहयात्री रहेका राष्ट्रिय जनता पार्टीलाई नसोधेरै तपाईंहरूले सम्झौता गर्नुभयो र सरकारमा पनि जानुभयो । राजपालाई किन बेवास्ता गरिएको हो ?**

– राजपाका ६ वटा मित्रहरूलाई म जानकारी गराउन चाहन्छु, जब संविधान निर्माण गर्ने समयमा हाम्रो दुईतिहाई बहुमत थियो त्यतिबेला उहाँहरू सरकारको पछि-पछि लागेर सबै मुद्दालाई बर्वाद किन पारे ? त्यस समयमा आँखा खुलेन ? अहिले हामी संविधान संशोधन गर्ने भनेर नै सरकारमा गएका छौं । उहाँहरूको त्यो कुरा आफैमा मेल खाँदैन । यो अस्पष्ट भनाई हो । यो कुरामा राजपा सहमत छ भने हामी पनि चाहन्छौं कि एउटा दल सरकारमा बसेर र अर्को बाहिर बसोस् । उहाँहरूले धैर्य गर्नुस् । सडकमा बसेर संघर्ष गरौं न । फोरम नेपाल पनि ७ वर्ष बाहिर बस्यो । उहाँहरूले सत्ताको वा सरकारको स्वाद चाख्नुभएको छ । त्यसकारण अहिले धैर्य धारण गरेर संविधान संशोधनतर्फ लाग्नुस् भन्न चाहन्छु ।

# तराई मधेशको खाद्यान्नको अवस्था तथा उपाय



डा. श्रीभगवान ठाकुर

तराई मधेशमा राष्ट्रिय जनगणना २०११ अनुसार ५०.२३ प्रतिशत रहे पनि क्षेत्रफल जनचेतनाको अभाव, परिवार नियोजनको प्रभावकारिताको कमी, परम्परागत रूढीपना आदिले नेपालको औशत जनसंख्या बृद्धि दर ३.१५ प्रतिशतभन्दा बढी रहेको र जनघनत्व पनि पहाड र हिमालभन्दा बढी नै जुन प्रतिवर्ग कि.मी. ३९२ रहेको अवस्था छ। तराई मधेशमा औशत परिवार सदस्य संख्या पनि धेरै रहेको अवस्था छ। तराईमा आफ्नो जग्गाबाट खाद्यान्न आपूर्ति गर्न व्यक्ति ०.४५ हेक्टर जग्गाको आवश्यकता पर्दछ। तर तराई मधेशमा जग्गाविहीन र अति विपन्नको जनसंख्या पनि बढी रहेको अवस्था छ।

तराई मधेशलाई अन्नको भण्डारले चिनिएको जहाँ राष्ट्रको २३ प्रतिशत भूमि ओगटेको, फराकिलो तथा उर्वर भूमि ५९ देखि ७०० मीटर उचाईमा पर्दछ। कूल खेतीयोग्य जमीनको ४० प्रतिशत हिस्सा रहेको जुन वर्षैभरि सिँचाई उपलब्ध गराउन सकिन्छ। यहाँ सरकारले सिँचाई र प्रविधि उपलब्ध गराउन सके उत्पादकत्व वृद्धि गर्ने धेरै नै क्षमतावान क्षेत्र हो। यहाँको उत्पादनले नेपालको जनसंख्याभन्दा बढीलाई खाद्यान्न तथा अन्य कृषि उत्पादन बढाउने क्षमता रहेता पनि विभिन्न कारणले त्यसो नभएको पाइएको छ।

जलवायु परिवर्तनको असर र प्रभाव पनि पहाडमा भन्दा तराई मधेशको कृषिमा बढी हुने विभिन्न प्रतिवेदनले दिएको अवस्था छ। तराई मधेशमा तापक्रम बृद्धि, वर्षाको पानीको धेरै नै कमी वा चाहिएको समयमा नहुनु कुबेलामा पर्ने, शीतलहरी, असिना आदिले कृषिको उत्पादनमा धेरै नै नकारात्मक प्रभाव पार्ने छ भनी अनुमान गरिएको छ। संयुक्त राष्ट्र संघको जलवायु परिवर्तन वार्षिक प्रतिवेदन २०१७ अनुसार हिम पग्लिने तथा अति वर्षाको कारण प्रमुख जलवायु जन्य जोखिम बाढी तराई मधेश नै हो। परिणाम स्वरूप कृषिको वृद्धि दर घट्दै गएको पाइन्छ। यसरी कृषिवस्तुको उत्पादकत्व घट्दा खाद्यान्नको अवस्था अहिलेको भन्दा बिल्कुलै उल्टो हुने जाने निश्चित छ।

**खाद्य संकटका प्रमुख कारणहरू**

कृषि उत्पादकत्वमा कमी, कृषिको बृद्धिदर न्यून हुनु, जलवायु परिवर्तनले बालीका जातहरू सुहाउँदो नहुनु, खाद्य विविधिकरण नहुनु, भाते संस्कारले प्रोत्साहन पाउनु, विभिन्न कार्यक्रम तथा परियोजनाबाट चामल वितरण, खाद्यान्न बालीको क्षेत्रफल व्यवसायिक बालीले ओगटनु, खाद्यान्न बालीले अनुसन्धान तथा दातृ निकायको प्राथमिकता नपाउनु, दैवी प्रकोप तथा जलबायुजन्य प्रभाव -बाढी, पहिरो, सुख्खा, भूक्षय, शितलहरी, असिना, आदि।

खाद्यान्न उत्पादनमा कूल क्षेत्रफलको ७० प्रतिशत धानबाट ७१ प्रतिशत उत्पादन र ५८ प्रतिशत गहुँबाट ६५ प्रतिशत उत्पादन भएको २०७१/७२ को तथ्याँकबाट देखिन्छ। प्रदेश २ ले लगभग देशको २१ र २८ प्रतिशत धान र गहुँको उत्पादन दिन्छ।

त्यस्तै दलहन बालीमा नेपालको मसुरोको ९५ प्रतिशत क्षेत्रफलबाट ९५ प्रतिशत नै उत्पादन हुन्छ भने चनाको ७२ प्रतिशत क्षेत्रफलबाट ७८ प्रतिशत नै उत्पादन र अरहरको पनि ९७ प्रतिशत क्षेत्रफलबाट ९७ प्रतिशत नै उत्पादन हुने गर्दछ। कुल दलहनको ७५.८१ र ७६.३२ प्रतिशत तराई मधेशबाट प्राप्त हुन्छ। प्रदेश २ ले लगभग देशको ३७ र ५९ प्रतिशत मसुरो र अरहरको उत्पादन दिन्छ।

**तराई मधेशमा आयोजना परियोजना तथा कार्यक्रमहरू**

नेपालमा गरिबी न्यूनीकरण, खाद्य तथा पोषण सुरक्षा, ग्रामीण विकास, आयआर्जन तथा जीविकोपार्जन सुधार, आदि नामका विभिन्न आयोजना परियोजना, कार्यक्रमहरू अनेक दातृ संस्था तथा एजेन्सीहरूले संचालन गरेका छन्। तराई मधेशमा एक दशकदेखि ती विकासे परियोजनाहरूको संख्यामा धेरै नै कमी आएको छ। गरिबीको सूचकांक, मानव सूचकांक तथा अरू समस्याहरूको जरोको रूपमा रहेको तराई मधेशमा योजना परियोजना किन नगएको प्रश्न उब्जिरहेको हुन्छ। दातृ निकाय तथा अन्तर्राष्ट्रिय एजेन्सीको सामु ती समस्याहरूको चाँग रहेको जिल्ला/स्थान किन प्राथमिकतामा पर्दैन। सरकारले संचालन गरेका कार्यक्रम र योजना तथा परियोजना जस्तै: नारडेफ, पैक्ट, Himali, RISMFP, HVAP, KUBK, AFSP जस्ता परियोजनाहरू पहाडकेन्द्रित मात्रैले पनि तराईको विकासमा पक्कै गति शिथिल गरेको छ।

**खाद्य संकटबाट बच्ने केही उपायहरू**

बाली विविधिकरण, उन्नत तथा प्रभावकारी सिँचाइ व्यस्थापन, उन्नत प्रविधि तथा औजार/उपकरणको प्रयोग, उन्नत माटो, बीउ, बिषादी र मलको प्रभावकारी व्यवस्थापन, जग्गा उपयोग नीति अपनाई कृषि जमीनको आधुनिक सुधार, मिश्रित कृषि प्रणालीमा पशुपंछी, माछापालनमा जोड, माटोको उर्वरा क्षमता अनुसारको बाली र जात छनौट, नगदे बाली प्रवर्द्धन, जलवायु परिवर्तन मैत्री बाली जातको विकास र प्रयोग, कृषि शिक्षा, वैकल्पिक ऊर्जा प्रवर्धन, अनुसन्धान, प्रसार तथा लगानीमा जोड, कृषि प्रशोधन तथा उद्योग व्यवसायको प्रवर्द्धन, साना तथा जग्गाविहीन कृषकका लागि विशेष पैकेज, कृषि बीमा तथा वित्तीय सहयोग, खाद्यान्नको न्यायोचित वितरण, खाद्य उपयोग विविधिकरण, आदिको व्यवस्थामन गर्नु पर्दछ। तराई मधेशले विशेष गरी सिँचाईको व्यवस्थापन गरी खेत जग्गा खाली नराखी बाली घनत्वमा वृद्धि, धान गहुँ भन्दा बढी भाउ जाने बाली (तरकारी, दलहन, तेलहन, फलफूल, मशाला, जडीबुटी, आदि) उत्पादन, पशुपंक्षी पालन तथा वन बालीसँग मिश्रित कृषि प्रणाली तथा भात खानु भन्दा मकै गहुँ, कोदोको रोटी, भुजा, आदि परिकार खान तमत्यार हुनु पर्ने, कृषिमा उन्नत बीउ, सामग्री, प्रविधि अपनाई जलवायु परिवर्तनका अनुकूलन गर्दै निर्वाहमुखी भन्दा व्यावसायिक एवं प्रतिस्पर्धी कृषकमा परिणत नभए भोलीको खाद्य संकट, जलवायु परिवर्तन र गरिबी जस्ता कुप्रभावबाट बच्न मदत गर्दछ।

**निष्कर्ष :**

नेपाल कृषिमा आधारित अर्थतन्त्र भएको मुलुक जहाँ तराई मधेश जस्तो अन्न भण्डार रहेको क्षेत्रमा प्रकृतिले दिएको सम्पूर्ण सम्भावनाहरूलाई कार्यान्वयनमा ल्याउन जरूरी देखिन्छ। सरकारले नीतिगत, प्रक्रियागत तथा संरचनागत व्यवस्थापन तथा प्राथमिकताले तराई मधेशको उर्वर माटो, समथलभूमि, हावापानीको विविधता, उच्च युवा जनसंख्याको क्षमता, आन्तरिक तथा बाह्य बजारको अवसर, भूमिगत जल तथा सौर्य उर्जाको उपयोग गर्ने जस्ता क्षमतालाई तालमेल मिलाउन अति नै आवश्यक देखिन्छ। तराई मधेशका मानिसहरूले सरसफाई, सामाजिक सदभाव, व्यावसायिक खेती, आधुनिक प्रविधिको प्रयोग, परम्परागत सोंच तथा रितिरिवाजबाट माथि उठी, खानपान जस्ता व्यवस्थापन गर्न पनि पाए राजनितिक परिवर्तनसँगै समसामयिक गरिबी, जलवायु परिवर्तन, खाद्य संकटको सामना प्रदेश तथा देशले गर्न मद्दत मिल्छ। यसरी संविधानले लिएको खाद्य संप्रभुता, किसानको समृद्धि र खाद्यान्नको हक प्राप्ति समेतमा सहयोग पुग्छ।

**तालिका ३ : नेपाल, तराई मधेश र हालको २ नं. प्रदेशको धान मकै र गहूँको क्षेत्रफल र उत्पादनको अवस्था (२०१५)**

| | धान | | मकै | | गहुँ | |
|---|---|---|---|---|---|---|
| विवरण | क्षे.फ. | उत्पादन | क्षे.फ. | उत्पादन | क्षे.फ. | उत्पादन |
| नेपाल | १४२५३४६ | ४७८८६१२ | ८८२३९५ | २१४५२९१ | ७६२३६७ | १९७५६२५ |
| तराई | ९८४३३९ | ३४१४७७१ | १४७९७० | ३७६८२३ | ४३७३५१ | १२७०१३२ |
| % मा | ६९.०६ | ७१.३१ | १६।७७ | १७.५७ | ५७.३६ | ६४.२९ |
| २ नं.प्रदेश | ३२६५०१ | १००१९३० | २४१२० | ६८८२२ | १९१६६५ | ५५३८८२ |
| % मा | २२.९० | २०.९२ | २.७३३ | ३.२० | २५.१४ | २८.०३ |

**तालिका ४: नेपाल, तराई मधेश र हालको २ नं. प्रदेशको दलहनबालीको क्षेत्रफल र उत्पादनको अवस्था (२०१५)**

| विवरण | मसुरो | | चना | | अरहर | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|
| | क्षे.फ. | उत्पादन | क्षे.फ. | उत्पादन | क्षे.फ. | उत्पादन | क्षे.फ. | उत्पादन |
| नेपाल | २०४४७४.८२ | २२७४९१.५५ | ९२७४.१४ | ९४०७.७० | १६८८४.६८ | १६४६२.४१ | ३२६४०० | ३५३५०० |
| तराइ | १९४७५७.२४ | २१६६६७.१ | ६७६३.७८ | ७३३९.१९ | १६५०५ | १५९१५.१५ | २४७४४५.४७ | २६९८१९.५ |
| %मा | ९५.२४ | ९५.२४ | ७२.९३ | ७८.०१ | ९७.७५ | ९६.६७ | ७५.८१ | ७६.३२ |
| २ न प्रदेश | ७५४६३.१८ | ८२३९७.१५ | २०९८.९१ | २२२९.१९ | १००४५.१ | ९७३४.२१ | ९७४३२ | १०१२२२ |
| %मा | ३६.९० | ३६.२१ | २२.६३ | २३.६९ | ५९.४९ | ५९.१२ | २९.८५ | २८.६३ |

## विवेकशील साझा पर्सा नेकपामा समाहित



काठमाडौं । विवेकशील साझा पार्टी पर्साका कार्यसमिति नेपाल कम्युनिष्ट पार्टीमा प्रवेश गरेका छन्। रविन्द्र मिश्रको नेतृत्वमा रहेको विवेकशील साझा पार्टीको पर्सा जिल्लाको सम्पूर्ण टिम नेपाल कम्युनिष्ट पार्टीमा प्रवेश गरेको हो।

प्रचण्ड निवास खुमलटारमा मंगलबार बिहान नेपाल कम्युनिष्ट पार्टीका अध्यक्ष प्रचण्डले अविर र माला लगाएर नेपाल कम्युनिष्ट पार्टीमा प्रवेश गराएका हुन्।

विवेकशील साझा पार्टीका पर्सा जिल्ला अध्यक्ष रामकुमार पाण्डेको नेतृत्वमा व्यवस्थापिका प्रमुख बबिल थापा, कार्यपालिका प्रमुख मुस्ताक अलाम, न्यायपालिका प्रमुख सुरेशकुमार बादल लगायतको सिंगो पार्टी नेकपामा प्रवेश गरेको हो।

अध्यक्ष पाण्डे जनयुद्धकालका जिल्ला जनसरकार उपप्रमूख समेत रहेका थिए। नेताहरूलाई पार्टी प्रवेश गराउँदै अध्यक्ष प्रचण्डले नवआगन्तुकहरूलाई रष्ट्र निर्माणको अभियानमा इमान्दार भएर लाग्न निर्देशन दिए। नेकपाका युवा नेता रहबर अन्सारीको पहलमा उनीहरू पार्टीमा प्रवेश गरेका हुन्। अन्सारीले विवेकशील साझा पार्टीका अध्यक्ष रविन्द्र मिश्रले आफूलाई विवेकशीलमा आउन आग्रह गरेको बताउँदै उनको टिमका नेताहरूलाई कम्युनिष्ट पार्टीमा ल्याएकोले अब उनी पनि नेकपामा आउने विश्वास व्यक्त गरे।

## विद्यालयलाई शौचालय हस्तान्तरण



**अनिल तिवारी,** वीरगंज। विश्व वातावरण तथा सरसफाइ दिवसको उपलक्ष्यमा नेपाली सेनाले निर्माण गरेको शौचालय विद्यालयलाई हस्तान्तरण गरिएको छ।

वीरगन्जमा रहेको श्रीचण्डी प्रसाद गणका जवानहरूले निर्माण गरेको चारकोठा भएको शौचालय श्रीहरिहर शर्राफ चम्पादेवी निम्न माध्यमिक विद्यालयलाई हस्तान्तरण गरिएको हो। वीरगन्ज महानगरपालिकाको वार्ड नम्बर १५ मा रहेको उक्त विद्यालयमा शौचालय नभएकोले विद्यालयमा अध्ययनरत छात्रछात्रा तथा शिक्षक शिक्षिकाहरूलाई खुला मैदानमै दिशापिसाब गर्न जानुपर्ने बाध्यता रहेको शौचालय निर्माण गरी हस्तान्तरण गरिएको कार्यक्रममा गणपति सृजन बहादुर मल्लले शौचालय हस्तातरण कार्यक्रममा बताएका छन्।

कार्यक्रमका प्रमुख वीरगन्ज महानगपालिकाका नगर प्रमुख विजय कुमार सरावगीले नेपाली सेनाले सीमा रक्षासँगै समाजसेवामा पुर्‍याउँदै आएको योगदान सराहनीय भएको बताउँदै नेपाली सेनाले शौचालय निर्माण गरी विद्यालयलाई हस्तान्तरण गर्नु अति सराहनीय कार्य भएको बताए।

## मधेश अपडेट

### ‘हरेक क्षेत्रको सिण्डिकेट हट्छ’

**चन्द्रकान्त खनाल,** रूपन्देही। कृषिमन्त्री चक्रपाणी खनालले नेपालको जग्गा सबै दलालको हातमा रहको वताएका छन्। देशभरका जग्गाहरू न व्यक्तिको हो न त सरकारको भन्दै उनले दलालको मनपरिले जमिन ध्वस्त भएको बताए।

रिपोर्टर्स क्लव नेपाल ५ नम्बर प्रदेशले बुटवलमा आयोजना गरेको साक्षात्कार कार्यक्रममा बोल्दै उनले मन्त्री खनालले कृषियोग्य जमिन बचाउन नयाँ कार्ययोजना नीति बनाउन लागेको उल्लेख गरे।

भुमि सम्बन्धी नीति, ऐन भू-उपयोग नीति लगायतका नीतिहरू बनाएर कृषियोग्य भूमि बचाउन ठोस कदम चालिने खनालले बताए। मन्त्री खनालले भने मैले जग्गाको २५ प्रकारको बर्गिकरण गरेको छु नीति बाहिरको अंशबण्डा समेत रोक्ने गरि काम अघि बढाएको छु। अंशबण्डाको नाममा कित्ताकाट रोक्ने बताउँदै मन्त्री खनालले नीति बाहिरको अंशबण्डा रोक्नको लागी पहल गर्ने बताए।

### अन्तर्राष्ट्रिय फुटबलको तयारी पूरा

सर्लाही। प्रदेश २ कै सबभन्दा ठूलो धनराशी पुरस्कार रहेको “अन्तर्राष्ट्रिय लालबन्दी गोल्डकप फुटवल प्रतियोगिता २०७५” को तयारी लगभग अन्तिम चरणमा पुगेको छ। लालबन्दी नगरपालिका र सर्लाही जिल्ला फुटबल संघको आयोजना, लायन्स क्लब लालबन्दी परिवारको सहआयोजना र उद्योग वाणिज्य संघ लालबन्दीको विशेष सहयोगमा प्रतियोगिता लालबन्दीको राधाकृष्ण खेल मैदानमा हुँदैछ।

हाल प्रतियोगिताको तयारी स्वरूप मैदानको भित्री भागबाट जस्ता बार्ने काम र मैदान मिलाउने काम लगभग सकिएको र ३२०० दर्शक बस्नका लागि भनेर बासको र फलामको प्याराफिटको निर्माण कार्य पनि सकिएको फुटबल संघ सर्लाहीका महासचिव उज्जवल कार्कीले जानकारी दिएका छन्। यस्तै सुरक्षाको दृष्टिकोणले दर्शक मैदानमा जान नसकुन भनी मैदानलाई तारजालीले घेरेको पनि उनले बताए।

### पहिरो गएर सडक अवरूद्ध हुने अवस्था अब आउँदैन : मन्त्री महासेठ

**चन्द्रकान्त खनाल,** रूपन्देही। भौतिक पुर्वाधार तथा यातायात व्यवस्थामन्त्री रघुवीर महासेठले सिद्धार्थ राजमार्गको बुटवल पाल्पा सडकखण्डको सिद्धबाबा मन्दिर आसपासको क्षेत्रमा पटक पटक पहिरो गएर सडक अवरूद्ध हुने अवस्था अब आउन नदिने बताएका छन्। मन्त्रालयका सचिव, विभागका निर्देशक सहितको प्राविधिक टोलीसहित बुधबार सिद्धबाबा क्षेत्रको स्थलगत निरीक्षणका लागि आएका मन्त्री महासेठले सरकारले यस स्थानको सडक व्यवस्थापनका लागि बजेट व्यवस्था गरीसकेकाले यसको बिस्तृत अध्ययन गरी उपयुक्त प्रविधिको प्रयोगबाट जनतालाई सधैंको सास्तीबाट मुक्त गराउने बताए। उनले भने, ‘प्रारम्भिक कार्य आजै बाट सुरू भएको छ। यस क्षेत्रको सडक व्यवस्थापनका लागि सरकारले आगामी आर्थिक बर्षको बजेटमा सुरूङ्ग मार्गको प्रस्ताव गरेको छ।’

### मेयर सरवागीद्वारा सडक शिलान्यास

वीरगंज। सघन शहरी विकास कार्यक्रमअन्तर्गत निर्माण सडक परियोजनाको पहिलो खण्डको बुधबार बिहान वीरगंज महानगरपालिका वडा नं. २१ परवानीपुरमा शिलान्यास गरिएको छ। वीरगंज महानगरपालिका शहरी विकास मन्त्रालयको बजेटमा वीरगंजको विभिन्न वडाहरूमा निर्माण हुने सडक योजनाको पहिलो खण्डको २७ किलोमिटर सडकको शिलान्यास नगर प्रमुख विजय कुमार सरावगीले गरेका छन्। महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत डा. भिष्मकुमार भुषालको सभापतित्वमा सम्पन्न भएको सिलान्यास कार्यक्रमलाई सम्बोधन गर्दै नगर प्रमुख विजय कुमार सरावगीले विकास निर्माणको कार्यमा सघाउन सबैलाई अनुरोध गरे। उनले महानगरपालिकामा रहेको ग्रामिण भेगको विकासले मात्रै महानगरपालिकाको विकास सम्भव भएकोले सडकको निर्माण कार्यको परवानीपुरबाट सुरूवात गरिएको बताए। . मेयर सरावगीले विकास कार्यको पहिलो सुरूवात भएकोले अतिक्रमित ऐलानी पर्ती जग्गाहरूलाई अबिलम्ब खालि गर्न अनुरोध समेत गरे। मेयर सरावगीले वीरगंज सहरलाई सफा र हराभरा सहर बनाउनका लागि सडक निर्माण सँगसँगै ऐलानी जग्गाहरूमा वृक्षारोपण गर्ने समेत जानकारी गराएका थिए।

### एन्टाले छात्रवृत्ति दिने

काठमाडौं। उच्च शिक्षामा पहुँच नभएका तराई मधेशका विपन्न समुदाय तथा मधेश आन्दोलनका शहीद परिवारका विद्यार्थीहरूलाई एशोशिएसन अफ नेपाल तराई इन अष्ट्रेलियाले छात्रवृत्ति दिने घोषणा गरेको छ। एन्टाले एक विज्ञप्ति जारी गर्दै सो निर्णय गरेको एन्टाका अध्यक्ष अरूण कुमार ठाकुरले जानकारी दिएका छन्। सम्बन्धीत तहमा इन्जिनियरिङ लगायतका विषयमा अध्ययन गर्न चाहने विद्यार्थीहरूले सो छात्रवृत्ति पाउनका लागि ब्ल्ब को ध्भदकष्तभ धधधा।तभचबष्लभउबा।यिचन मा गई फारम भर्ने सकिने जानकारी अध्यक्ष ठाकुरले गराएका हुन्।

थप जानकारीका लागि अध्यक्ष ठाकुरले ष्लायरतभचबष्लभउबा।यिचन वा नभतकबचगलतजबपगच२क्तबर्षाअफ मा इमेल पठाउन आग्रह गरेका छन्।

### प्रदेश १ मा पनि वातावरण दिवस मनाइयो

विराटनगर। ‘एक नागरिक एक फलफूलको विरूवा’ भन्ने नाराका साथ प्रदेश १ मा पनि विश्व वातावरण दिवस मनाइएको छ। विश्व वातावरण दिवसका अवसरमा मुख्यमन्त्री शेरधन राईले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय परिसरमा वृक्षरोपण गरेका छन्। सो दिवसको अवसरमा उनले अनारको विरूवा रोपेका हुन्।

### सिक्टा सिँचाइ आयोजना निरीक्षण

नेपालगन्ज। निर्माणाधीन राष्ट्रिय गौरवको सिक्टा सिँचाइ आयोजनाको ऊर्जा तथा सिँचाइ मन्त्री वर्षमान पुनले निरीक्षण गरेका छन्। बाँके जिल्लाको अगैयामा रहेको सो सिँचाइ आयोजनाको मन्त्री पुनले मंगलबार निरीक्षणका क्रममा बाँकेको राप्ती सोनारी र नरैनापुर गाउँपालिकाका बासिन्दा बर्षौदेखि विद्युत, सिँचाइ, तटबन्ध नहुँदाको समस्याबाट पिल्सिरहेको आफूलाई थाहा भएको बताए। उनले वर्तमान सरकारले बाँके राप्तीपारिका जनताको समस्या समाधान गर्न सबैखाले सहयोग गर्ने प्रतिबद्धता पनि व्यक्त गरे।

### वातावरण संरक्षणका लागि वृक्षारोपण नै महत्वपूर्ण : मुख्यमन्त्री पोखरेल

रूपन्देही। प्रदेश ५ का मुख्यमन्त्री शंखर पोखरेलले वातावरण संरक्षणका लागि वृक्षारोपण महत्वपूर्ण रहेको बताएका छन्। विश्व वातावरण दिवसका अवसरमा राष्ट्रिय मानवअधिकार आयोगले बुटवलमा आयोजना गरेको कार्यक्रममा मुख्यमन्त्री पोखरेलले वातावरणको संरक्षण, संवर्द्धन र उपयोग महत्वपूर्ण विषय भएको बताएका छन्। मुख्यमन्त्री पोखरेलले वातावरण संरक्षणका लागि वृक्षारोपण नै महत्वपूर्ण रहेको उल्लेख गर्दै प्रदेश सरकारले रूपन्देहीको लुम्बिनीबाट फलफूलका विरूवा र पाल्पाको दोभानबाट बहुगुणकारी विरूवा रोप्ने कार्यको थालनी गरेको जानकारी दिए।

### विज्ञहरूसँग अन्तरक्रिया

धनगढी। प्रदेश ७ को सरकारले प्रदेशको समग्र विकास तथा समृद्धिका लागि विज्ञहरूसँग अन्तरक्रिया कार्यक्रमको आयोजना गरेको छ। प्रदेशको दिगो विकास एवं समृद्धिको सम्भावना तथा चुनौती विषयकमा विज्ञहरूसँग अन्तरक्रिया कार्यक्रमको आयोजना गरिएको हो। प्रशस्त सम्भावना हुँदाहुँदै पनि विकासको सवालमा पछाडि रहेको प्रदेश नं ७ लाई समृद्ध बनाउन केके गर्न सकिन्छ भनेर विज्ञहरूको सुझाव लिन कार्यक्रमको आयोजना गरिएको प्रदेश सरकारले जनाएको छ।

# ओली सरकारमा फोरमको सहभागिताले उत्पन्न गरेको तरंग



## सन्तोष मेहता

संघीय समाजवादी फोरम समेत सहभागी भएपछि केपी ओली नेतृत्वको वर्तमान सरकार 'दुई तिहाइ बहुमत' को समर्थन प्राप्त सरकारमा रूपान्तरित हुन पुगेको छ । २ सय ७५ सदस्यीय प्रतिनिधिसभामा पहिलो दल नेपाल कम्युनिष्ट पार्टी एक्लैको १ सय ७४ सदस्य छन् । प्रतिनिधिसभाको चौथौं ठूलो दल फोरमको १६ सिट थपिएपछि सरकारको पक्षमा १ सय ९० सांसद पुगेका छन् जुन कुल सांसद संख्याको ६९ प्रतिशत हो । अझ आजको दिनसम्म तेस्रो ठूलो दल राजपाको पनि समर्थन छँदैछ सरकारलाई । सरकार संचालनको निम्ति आवश्यक सुविधाजनक बहुमत हुँदा-हुँदै पनि फोरमको सहभागिता किन आवश्यक पर्यो र फोरम पनि आफ्ना पूर्वअडानहरूलाई थाँती राख्दै लुत्रेपत्रे सहमति गर्दै सरकारमा किन सहभागी भयो ? यस्ता प्रश्नहरूसँगै राजनीतिक वृत्तमा विभिन्न खालका आशंकाहरू उब्जिएका छन्, नयाँ बहसको थालनी भएको छ, राजनीतिमा एक नयाँ तरंग पैदा भएको छ । संघीय समाजवादी फोरमसँग सहयात्रा गरेका सँगै मत मागेका या भनौं फोरमलाई मत दिई देशको चौथो दल बनाइदिएका सहयात्री दल राजपा नेपाल पनि सरकारको आगामी रणनीति र फोरमको कार्यदिशाबाट मात्र आगामी रणनीति तय गर्ने बताईसकेको छ । यो आलेखमा नेपथ्यमा उठेका केहि सवालहरूका निवारण गर्ने प्रयास गरिएको छ ।

राजपा नेपाल सरकारलाई समर्थन गरे पनि सरकारमा किन सहभागी भएन ? पछिल्लो प्रतिनिधिसभाको निर्वाचन पश्चात् संविधान संशोधनको एजेण्डा वाम गठबन्धनको पोल्टामा गयो । हुन त निर्वाचन पूर्व के.पी ओली लगायतका नेताहरू पटक-पटक निर्वाचनमा जाओ यदि निर्वाचनमा मधेशमा मधेशी दलले मत पाए त्यो मत संशोधनको पक्षको मत बुझिने आशयका अभिव्यक्ति नदिएका होइनन् । मधेशमा राजपा-फोरम गठबन्धनले मत पनि पायो, त्यो मत संविधान संशोधनको पक्षमा पाएको जमानत हो, संविधान संशोधनकै पक्षमा लबिङ्ग गर्नु, संघर्ष गर्नु भनेर दिएको जनाआदेश हो । आन्दोलन होस् या चुनावमा राजपा-फोरम गठबन्धनको साझा भिलेनको रूपमा रहेको ओलीकै कोटमा चुनाव पश्चात् संशोधनको बल पुग्यो, ओलीको अनिच्छा भए संविधान संसोधनको कुरा परै जाओस् मधेशको पक्षमा एउटा सिन्को भाँचिन मुस्किल हुने भयो । यस्तो परिस्थितिमा तत्कालिन अवस्थामा नेकपासँग मधेशको पक्षमा लबिङ्ग बाहेक के नै उपाय थियो र । प्रधानमन्त्री भइ सकेपछि के पी शर्मा ओलीले संसदको रोष्ट्रमबाट विगतको मधेश आन्दोलनमा उठेका माग, विशेषगरी संविधान संशोधनको कुरा स्वीकार गरेपछि, मन न लाग्दा लाग्दै पनि राजपा-फोरम गठबन्धनले संशोधनको आशमा सरकारलाई समर्थन गरेको हो, जुन स्वाभाविक पनि थियो । सरकारमै सहभागी भएर प्रधानमन्त्रीको प्रतिबद्धता अनुरूप अघि बढ्न पनि सकिन्थ्यो । तर सरकारमा सहभागिताका केहि पुर्व सर्तहरू थिए । जुन खासगरी मधेश-थरूहट आन्दोलनका बखत आन्दोलनका कारण उब्जिएका समस्याहरूको निवारण थियो जस्तो कि आन्दोलनकारी माथि लगाइएका झुट्टा मुद्दाहरूको खारेजी, थुना एव जेल भित्र रहेकाहरूको रिहाई, छुटेका शहिद घोषणा र तिनको परिवारको एवं घाइतेको भरण पोषणको उपाय, कैलालीका संसद रेशम चौधरीको सपथ ग्रहण एवं रिहाई लगायत जनधनको उपयुक्त क्षतिपुर्ती सहित प्रधानमन्त्री स्वमले मधेशको भावना बिरूद्ध पटक-पटक दिनुभएको अभिब्यक्ति बारेको आत्मालोचना सहितको राष्ट्रको नाममा सम्बोधन आवस्यक थियो जुन राजपा मात्र होइन फोरमका पनि पुर्वसर्त हुनुपर्ने थियो । प्रधानमन्त्रीको सम्बोधनले गर्दा अविश्वासका खाडल पुरिन्थे, मेलमिलापको भावना अगाडि बढ्थ्यो, मधेश र पहाडको भावनात्मक एकीकरणमा टेवा पुग्थ्यो । त्यहि भएर राजपाका नेता माननीय राजेन्द्र महतोले रोस्टर्मबाट प्रधानमन्त्री केपी शर्मा ओलीलाई दल ठुलो भएर मात्र हुन्न दिल पनि ठुलो बनाउनु पर्यो र अब सबैको साझा नेता एवं प्रधानमन्त्री बन्न आग्रह गरेका थिए । विभिन्न बुँदे सहमति त पटक पटक भएको हो बरू इमान्दारी पुर्वक ठोस रूपमा संशोधन प्रस्ताव अगाडी बढाअऔं पनि मन्तव्यको क्रममा उहाँले भन्नुभएको थियो ।

राजपा नेपाललाई पनि सरकारमै आएर सरकारलाई सहयोग गर्नुपर्यो, संविधान संशोधन गरौंला भन्ने प्रस्ताव नआएको होइन । तर, राजपा नेपालले उठाएको उपरोक्त केहि सवालहरू पूरा भए मात्रै सरकारमा सहभागी हुने बताएका थिए । राजपा नेपाल त त्यतिखेर झस्कियो जब नीति तथा कार्यक्रममा संविधान संसोधनको 'स' समेत उल्लेख गरिएन बरू आन्दोलनलाई जातीय क्षेत्रिय विखण्डनको नाममा घुमाउरो तरिकाले दमन गर्ने नीति सार्वजनिक गर्यो । वास्तवमा संविधान निर्माण प्रक्रिया बहिष्कार गरेका दलहरूको मुद्दाको सम्बोधन प्रमुख बिषय हुनुपर्ने हो सरकारमा सहभागिता त सहायक बिषय र प्राविधिक बिषय मात्र हो । उल्लेखीय बिषय त के हो भने संविधान निर्माण प्रक्रिया देखि नै राजपा-फोरम गठबन्धन आन्दोलनरत रहेको थियो । आन्दोलन ओली सरकारकै हठको कारण त्यतिकै तुहिएको थियो, ओलीको पुन: नयाँ अवतार पश्चात उहाँले सर्वप्रथम संविधानलाई सर्व-स्वीकार्य बनाउन आन्दोलनरत पक्षसँग भद्र सहमति गर्नुपर्दथ्यो । तर यसपाली पनि सबै शासकले गरे झैं उहाँले पनि फुटाऊ र शासन गर को नीति अवलम्बन गर्नुभयो र आन्दोलनरत एउटा दलसंग २ बुँदे सम्झौता गरि आन्दोलनलाई विभाजनको प्रयास गर्नुभयो । हाम्रा आदरणीय नेता उपेन्द्र यादव पनि उहाँको फुटाऊ र शासन गरको नीतिको शिकार हुनुभयो । सधै झैं शासकको काम त थियो नै फुटाउने र मुद्दा कमजोर पार्ने तर हाम्रा प्रिय नेता सत्ताको लोभमा नपरी अडिग रहेको भए आन्दोलनले उठाएको मुद्दाको पक्षमा र पुर्व सर्तका रूपमा अगाडी सारिएका सवालहरूमा ठोस उपलब्धि हुने थियो होला । आन्दोलनरत गठबन्धनको हैसियतले सरकारसँग संयुक्त रूपमा सम्झौता गरि फोरम सरकारमा गएको भए फोरमलाई नै अझ सजिलो हुने थियो । राजपा-फोरमले उठाउँदै आएको मुद्दाको बार्गोनिङ पावर अझ बढ्ने नै थियो ।

फोरमको सरकारमा सहभागिताको अन्तरंग अर्थ फोरमको उद्देश्य मधेश आन्दोलन र उग्र मओवाद वामपन्थको बिरूद्धमा भएपनि उपेन्द्र यादवको राजनैतिक जीवन बामपन्थी नै हो । उहाँ २०३५ सालमा नेपाल कम्युनिस्ट पार्टीका संस्थापक पुष्पलाल श्रेष्ठबाट कम्युनिस्ट पार्टीको चौवन्नी सदस्यता लिनुभएको थियो । पछि पुष्पलाल समूहको अध्यक्ष साहना प्रधान र मनमोहन अधिकारीको पार्टी मिलेर नेकपा -मार्क्सवादी) बन्यो । उहाँले कोशी अञ्चल कमिटीमा रहेर काम गर्नुभयो । त्यसको इन्चार्ज भरतमोहन अधिकारी हुनुहुन्थ्यो । लगत्तै झापाली माले र मार्क्सवादीबीच एकता भयो र एमाले बन्यो । २०४८ सालमा उपेन्द्र यादवलाई नेपाल कम्युनिष्ट पार्टी (एकिकृत मार्क्सवादी (लेनिनवादी) ले सुनसरी-४ बाट उम्मेदवार बनायो । उहाँले जित्न सक्नुभएन । त्यसपछि उहाँलाई पार्टीले सुनसरी र मोरङको जिम्मेवारी सुम्पियो । उहाँले स्थापना गर्नुभएको फोरममा पहिचानको आन्दोलनपछि एमाले छाडेर गठन गरिएको संघीय समाजवादी पार्टीका अध्यक्ष अशोक राईसहित प्राय: सबै जनजाती नेता फोरममै छन् । फोरमका अधिकांश शिर्ष नेताहरू ओली र प्रचण्डका पूर्व कार्यकर्ता भएकाले राजनीतिक भाषा पनि बुझ्न सजिलो हुन्छ भनेर पनि ओली-प्रचण्ड-उपेन्द्र गठबन्धन बन्न सकेको हो । उपेन्द्रजी को बाइयोलोजि मधेश र राजपासंग मिले पनि क्यामेष्ट्री त कम्युनिस्ट सँगै मिल्छ । बिगतमा पनि उग्र वामपन्थको सरकार बन्ने बनाउने कुरा आउँदा उहाँले त्यहि लाइनको पक्षपोषण गर्नुहन्थ्यो । तत्कालिन माओवादीका अध्यक्ष प्रचण्ड नेतृत्वको सरकारमा २०६५ जेष्ठ १९ गते परराष्ट्रमन्त्रीमा नियुक्त हुँदा होस् कि झलनाथ खनाल नेतृत्वको सरकारमा होस् । तत्कालिन प्रधानसेनापति रूक्मागत कटवाल काण्ड (जसलाई अधिनायकवाद कु रूपमा अथ्याईको थियो) भएपछि प्रचण्ड नेतृत्वको सरकार ढलेको थियो, त्यस बखत उपेन्द्रजी दह्रोसँग प्रचण्डजीको पक्षमा उभिनु भएको थियो । उपेन्द्र जिको विगतकै इतिहासको कारण नेकपामा समाहित हुने वा एकीकरण गर्ने होला भनेर विभिन्न बुद्धिजीवीहरूले अड्कल काटछन । उपेन्द्रजीको यहि विगत अर्न्तरंगको फाइदा उठाउँदै प्रदेश २ मा पकड रहेको फोरमको सत्तारोहणसँगै मधेशी भावनाको प्रतिनिधित्व देखाएर सरकारले मैदानी भू-भागका असन्तुष्टिलाई मत्थर पार्ने प्रयत्न गरेको छ । राजपा नेपालको सहभागिता बेगर सरकारको यो प्रयत्न कतिको दिर्घकालिन हुन्छ त्यो त हेर्न बाँकी नै छ । मधेशमा आन्दोलनकै बलमा उदाएका दुई ठुला पार्टीहरूबीच फुट ल्याएर मधेश आन्दोलनलाई केही बुँदाहरू संशोधन गर्ने नाममा तुहाएर यादवलाई सत्तापक्ष र राजपालाई प्रतिपक्ष बनाउन भनेर गरिएको यो तयारीले भुसभित्रको आगोको भूमिका खेल्न सक्छ ।

फोरम अध्यक्ष यादवले १४ जेठमा प्रधानमन्त्री ओली र नेकपाका अध्यक्ष प्रचण्डको हस्ताक्षरमा दुई बुँदे सहमति गरे । त्यसमा फोरमले आन्दोलनका क्रममा उठाएका माग र मुद्दा देश र जनताको पक्षमा आपसी सहमतिका आधारमा संविधान संशोधनमार्फत सम्बोधन गरिने उल्लेख छ । आपसी सहमति एवं आवश्यकताको आधार पनि नेकपाले नै निर्धारण गरेअनुसार हुने निश्चितै छ । संविधानको संशोधन केवल मधेशको दृष्टीकोणले मात्र होइन संविधान कार्यान्वयन गर्न समेत संशोधन आवश्यक छ । सबै भन्दा महत्वपुर्ण कुरा बामले चाहेको प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपति, अदालत, अख्तियार दुरूपयोग, विभिन्न आयोग लगायत संवैधानिक अंग एवं समितिहरूलाई आफ्नो अनुकुल चलाउन लगायतका बिषयमा सरकार दुइ तिहाई बहुमत पुर्याउन खोजिरहेकै थियो । उपेन्द्र यादव केवल बाम सरोकारसंग सम्बन्धित रहेर संबिधान संसोधनको गोटी नबनुन् । मधेश-थरूहट एवं जनजातिका सरोकारका बिषय खासगरी प्रदेशका सिमांकन एवं अधिकार, जनसंख्याको आधारमा प्रतिनिधित्वको सवाल, नागरिकताको समस्या एवं नागरिक पदाधिकारसँग सम्बन्धित व्यवस्था, भाषिक अधिकार लगायतका विषयहरूमा संविधान संशोधन होस् । झापा-मोरङ-सुनसरीका मधेशी जनताले अझै पनि स्वशासन पाएका छैनन्, कैलाली-कन्चनपुरका थारूहरू स्वशासन नहुँदा पानी बिनाको माछा सरह तड्पी रहेका छन्, परासी-बर्दियामा मधेशी-थारू पहिचानलाई अल्पसंख्यक पारिएको छ । प्रदेशहरूको स्वायत्ताको चाहना अधुरै छ, प्रतिनिधित्वमा जनसंख्यालाई बेवास्ता गरिएको छ । यस्ता र यी मुद्दाका लागि जनताको रगत बगेको छ । जनताले सहादत दिएका छन् ।

सरकारसँग फोरमको सम्झौता केवल सत्ताको भर्याङ मात्र नहोस्, कम्युनिस्ट अधिनायकवाद लागु गराउने हतियार नबनोस् । मधेशका मुद्दा लगायत यी सबै बिषय कति इमान्दारिताले लागु हुन्छ त्यो पर्खाइको बिषय बनेको छ किनकी यसले दिएन उसले दिएन भनेर पन्छिने बाटो अहिले फोरम सहितको सरकारलाइ छैन । सत्तामा लिप्त भइ आउने चुनावको मुखमा यस उस बहाना लगाउने छुट पनि फोरमलाई हुने छैन । संविधान पुनर्लेखन र संशोधनलाई नै मुख्य मुद्दा बनाएर आन्दोलनकै निरन्तरता स्वरूप चुनाव लडेको बताउने उपेन्द्र यादवले नेतृत्व गरेको फोरमले सामान्य सहमतिको लेप लगाउँदै 'फेस सेभिङ' सहित सरकारमा सहभागी भएको छ । सरकार मात्र होइन फोरमको लागि पनि यो एउटा अन्तिम अवसर हो, पछि फेसै नरहे के सेभिङ्ग गर्ने । आजको उपेन्द्र यादव कम्युनिष्ट बिचारले होइन मधेश मुद्दाले स्थापित भएको हो, मधेशको भरोसा कायम राख्न कम से कम फेश जोगाई राख्नुपर्ने चुनौती आगामी दिनमा फोरमलाई हुने नै छ । इतिहासले राजपा नेपाललाई पनि जनताको बिचमा जाने, जागरण अभियान जोडतोडले चलाउने अवसर प्रदान गरेको छ । राजपा नेपालबाट जनताले ठुलो आस लिएको छ, सामुहिक नेतृत्वको बहानामा निरन्तर अनिर्णयको बन्दी भइ संगठन र आन्दोलनलाई कमजोर गर्ने छुट राजपा नेपाललाई पनि हुने छैन । जनतालाई साथमा लिई राज्य उपर दबाब सिर्जना गर्ने कार्यभार इतिहासले राजपालाई सुम्पेको छ ।

*(लेखक राजपा नेपाल प्रवक्ता हुन् ।)*

santoshmht26@gmail.com



**मधेशमा आन्दोलनकै बलमा उदाएका दुई ठूला पार्टीहरूबीच फुट ल्याएर मधेश आन्दोलनका धेरै मागहरूमध्ये केही बुँदाहरू संशोधन गर्ने नाममा अन्य मागहरूलाई तुहाएर यादवलाई सत्तापक्ष राजपालाई प्रतिपक्ष बनाउन भनेर गरिएको यो तयारीले भुसभित्रको आगोको भूमिका खेल्न सक्छ ।**

## संक्षिप्त समाचार

### वातावरण दिवसको अवसरमा र्‍याली

वीरगंज । अन्तर्राष्ट्रिय वातावरण दिवस २०७५ को अवसरमा जि.एच.पी.माध्यमिक विद्यालय श्रीपुरका विद्यार्थीहरूले "प्लाष्टिक हटाऔं - पर्यावरण जोगाऔं" मूल नारासहित र्‍याली निकालेको छ । वीरगंजको घण्टाघरबाट निकालेको जनचेतना तथा सरसफाई र्‍याली वीरगंजको नगर परिक्रमा गरी पुन: आदर्शनगर चौकमा पुगी कोण सभामा परिणत भएको थियो । उक्त जनचेतना तथा सरसफाई र्‍याली कार्यक्रमको प्रमुख अतिथि मिस अर्थ नेपालकी रेजिना श्रेष्ठले वीरगंजको घण्टाघरमा सरसफाई गरी कार्यक्रमको उद्घाटन गरिन् । सो जनचेतना तथा सरसफाई र्‍याली कार्यक्रमको कोण सभामा विद्यालयका प्रिन्सिपल रमीन्द्र कौर, जैक सिंह, वीरगंज युवा समाजका अध्यक्ष कमल चौलागाई, ग्रीन सिटी सामुदायिक सेवा केन्द्र आदर्शनगरका प्रकाश खेतान, समाजिक अभियन्ता प्रकाश थारू लगायतकाले आआफ्नो विचार व्यक्त गरेका थिए ।

### उत्पादकत्व वृद्धि गर्न माटो परीक्षण

कैलाली । कैलालीको टीकापुरका किसानहरूले उत्पादकत्व बढाउन माटो परीक्षण गराउन थालेका छन् । परम्परागत रूपमा खेती गर्दै आएका उनीहरूले मल र विषादीको प्रयोगले उत्पादनमा वृद्धि हुन नसकेपछि माटो परीक्षण गराउन थालेका हाञ्जन् । हिउँदे बालीअन्तर्गत गहुँको उत्पादनमा ह्रास आएपछि माटो परीक्षण गराएको स्थानीयले। बताए । परम्परागत खेतीबाट आधुनिक तथा व्यवसायिक खेतीमा उन्मुख किसानहरूले अपेक्षाकृत उत्पादन प्राप्त गर्न माटो परीक्षण गराउन थालेका हुन् ।

### स्थास्थ्यकर्मीहरू तलब बिनै काम गर्न बाध्य

नेपालगञ्ज । स्थानीय तहमा कार्यरत बाँकेका स्थास्थ्यकर्मीहरूले बिगत चार महिनादेखि तलब पाएका छैनन् । महिला स्वास्थ्यसेविकालाई भिटामिन खुवाएको भत्तासम्म दिइएको छैन । महिनौसम्म सेवा सुविधा नपाएपछि 'घरखर्च चलाउनै मुस्किल' भएको भन्दै बाँकेका स्वास्थ्यकर्मीहरूका संघ संगठनहरूले प्रधानमन्त्री केपी शर्मा ओलीलाई समस्या समाधानका लागि आग्रह गरेका छन् । प्रमुख जिल्ला अधिकारी मार्फत प्रधानमन्त्रीलाई ज्ञापनपत्र बुझाएका छन् । नेपाल स्वास्थ्यकर्मी संघका अध्यक्ष टेकबहादुर केसी, राष्ट्रिय स्वास्थ्यकर्मी संघका अध्यक्ष प्रकाश गौतम, अखिल नेपाल राष्ट्रिय प्रगतिशिल स्वास्थ्यकर्मी संघका अध्यक्ष कबिराम बुढाथोकी, नेपाल स्वास्थ्य प्राविधिक संघका अध्यक्ष खड्ग रोक्का र नेपाल नर्सिङ्ग संघकी अध्यक्ष लक्ष्मी केसीले संयसक्त रूपमा ज्ञापनपत्र बुझाएका छन् ।

### स्वयं सेविकालाई मोबाईल सेट पुरस्कार

**राकेश यादव,** रौतहट । परोहा नगरपालिकालाइ सतप्रतिशत खोप लगाउने कार्यमा खेटका स्वास्थ्यकर्मीहरूलाई सम्मान सहित मोबाईल सेटबाट पुरस्कृत गरिएको छ । नगरपालिकाको तर्फबाट स्वास्थ्य चौकी रामपुर खाप, बसंतपट्टी, लौकहा, तेजापाकड़, जिगड़वा बेलबिछवाका प्रमुखलाई दोसल्ला ओढाएर प्रसंशा पत्रले सम्मानित गरिएको हो । गाँउ घरमा महिलाहरूलाई बालबालिकाको खोप लगाउन पर्ने अभियानमा दिनरात खटिएकी महिला स्वयंसेविकाहरूलाई एक अर्कासंग सम्पर्क गर्नमा सहज हुने उद्देश्यले एक-एक थान मोबाइल सेट पुरस्कार स्वरूप प्रदान गरिएको छ ।

### सीमामा सशस्त्रको गस्ती

कैलाली । कैलालीका नेपाल-भारत सीमानाकामा सशस्त्र प्रहरी परिचालन गरिएको छ । सशस्त्र प्रहरी बल नेपालको केन्द्रिय कार्यक्रमअनुसार सीमा क्षेत्रमा हुने विभिन्न अपराधिक गतिविधि नियन्त्रण एवं रेखदेखका लागि फोर्स मार्च गस्ती परिचालन गरिएको हो । सशस्त्र प्रहरी बल नेपाल सीमा सुरक्षा कार्यालय धनगढीले सीमामा गस्ती परिचालन गरिएको जनाएको छ । कार्यालयका अनुसार धनगढी गाउँ, घुईयाघाट, जुगेडा, फूलबारी, पच्चीस घर, रामपुर, हसुलिया, रतनपुरलगायत क्षेत्रमा गस्ती परिचालन गरिएको छ ।

### 'प्रदेश २ मा कम्युनिष्टको सरकार बन्दैन'

राकेश यादव, रौतहट । समाजवादी विद्यार्थी फोरम नेपाल प्रदेश २ को महासचिव प्रकाश भाई मधेशियाले संघीय सरकारमा संघीयता बचाउन र संविधान संशोधन मार्फत मधेश मुद्दाको स्थापित गराउनको लागि संघीय समाजवादी फोरम नेपाल केन्द्र सरकारमा सहभागी भएको बताएका छन् । संघीय प्रेस फोरम जिल्ला समिति रौतहटले बुधबार गौरमा आयोजना गरेको पत्रकार सम्मलेनमा विद्यार्थी नेता प्रकाशले प्रदेश २ मा नेपाल कम्युनिस्ट पार्टीको नेतृत्वमा सरकार कुनै पनि हालतमा गठन नहुने दाबी गरे । विद्यालय जीवन देखि राजनीतिकमा सक्रिय रहेका २८ वर्षीय युवा नेता प्रकाश मधेश आन्दोलन र बलिदानीबाट प्रदेश २ मा मधेशवादी दल नेतृत्वको सरकार गठन भएकोले फोरम राजपाको गठबन्धन नटुट्ने दाबी गरे । मधेशवादी दलको संख्या कम रहेको र संविधान संशोधनको लागि दुइ तिहाई मतको आवश्यकता भएकोले नेकपाको साथ मिलेर संशोधनको विकल्प नभएको जिकिर गरे । उनले भने विश्वासको आधारमा फोरम सरकारमा गएको हो संशोधन हुनेमा विश्वस्त छु । फरक प्रसंगमा विद्यार्थी नेता प्रकाशले केहि खसवादी मानसिकता बोकेका संचार माध्यमले नेकपा नेतृत्व सरकार बन्ने भ्रम फैलाउने कार्य गरिरहेको आरोप लगाए ।

### साइकलबाट जनकपुरदेखि मुक्तिनाथसम्म यात्रा

जनकपुर । शान्ति र स्थायित्वको सन्देश फैलाउँदै जनकपुरका एक युवकले साइकल चढेर जनमपुरदेखि मुक्तिनाथसम्मको यात्रा गरेका छन् । जनकपुरदेखि साइकलमा चढेर १२ दिनमा करीब ४ सय ५५ किलोमिटर प्रसिद्ध तीर्थस्थल मुक्तिनाथ दर्शन गरेर उनी फर्किएका छन् । जनकपुर उपमहानगरपालिका-४ आनन्दनगर ३१ वर्षीय रनजीत साह जनकपुरदेखि मुस्ताङको मुक्तिनाथसम्म साइकल यात्रा गरी फर्किएका हुन् । उनले तराईमा बस्नेलाई पहाड, हिमालमा हेप्ने गरेको सुनेपनि आफूलाई सम्मान प्राप्त भएको बताए । मुक्तिनाथ यात्राले सकारात्मक शिक्षा प्राप्त गरेको र शान्तिको सन्देश प्रचार गरेको उनले बताए ।

### सर्पले टोक्दा वडाध्यक्षको मृत्यु

विराटनगर । घर बाहिर शौचका लागि निस्किँदा विषालु सर्पको डसाइबाट एक वडाध्यक्षको मृत्यु भएको छ । बुधबार राति ११ बजे धनपालथान गाउँपालिका-२ का वडाध्यक्ष ३५ वर्षीय बलिराम भगतलाई सर्पले टोक्दा मृत्यु भएको प्रहरीले जनाएको छ । गम्भीर अवस्थामा विराटनगरस्थित गोल्डेन अस्पतालमा उपचारको क्रममा उनको मृत्यु भएको हो ।

## आपूर्तिमन्त्री यादवसँग कतारी राजदूतको भेट

काठमाडौं । उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री मातृका प्रसाद यादवसँग नेपालका लागि कतारका राजदूत युसुफ बिन महमद अल हेयलले शिष्टाचार भेट गरेका छन् । सिंहदरबारस्थित मन्त्री यदावको सचिवालयमा आज भएको भेटवार्तामा उहाँहरूबीच द्विपक्षीय हित र लगानीका विषयमा वार्ता भएको थियो । सो अवसरमा मन्त्री यादव समक्ष कतारी राजदूतले कतारका लगानीकर्ताले नेपालमा लगानी गर्न चाहेको भन्दै द्विपक्षीय लगानीका सम्झौता गरेर अगाडि बढ्न अनुरोध गरे । उनले कतारले वैदेशिक लगानीका लागि जग्गा, भिसा एवं अन्य सुविधा उपलब्ध गराउँदै आएकाले नेपालले पनि जग्गासहित अन्य आवश्यक सहयोग गरिदिन आग्रह गरे । जवाफमा मन्त्री यादवले नेपाल सरकारसँग मिलेर नेपालमा लगानी गर्ने इच्छा व्यक्त प्रति धन्यवाद व्यक्त गर्दै प्राप्त सम्भावनाका आधारमा लगानी गर्न सकिने बताए । चार लाख नेपालीहरू कतारमा कार्यरत रहेको भन्दै मन्त्री यादवले उनीहरूको सुरक्षा र अधिकारका विषयमा चासो व्यक्त गरेका थिए ।

# आर्थिक वर्ष २०७५/०७६ को बजेटमा तराई-मधेश

☞ ठूला नदीहरूको नियन्त्रण गर्दै जनधनको सुरक्षा गर्न सञ्चालित जनताको तटबन्धन कार्यक्रमको लागि रू. २ अर्ब १९ करोड ९२ लाख बजेट विनियोजन गरिएको छ ।

☞ तराई-मधेश क्षेत्रमा विशेष गरी थारू समुदायमा देखिएको सिकलसेल एनिमियाको अनुसन्धान र पहिचान गरी उपचारका लागि सेवा विस्तार गरिने,

☞ दलित तथा कर्णाली क्षेत्रका बालबालिकाका लागि प्रदान गरिँदै आएको मासिक रू. ४ सयसम्मको बाल संरक्षण अनुदानको दायरालाई विस्तार गरी मानव विकास सूचांकमा पछि परेका तराई-मधेश लगायतका जिल्लाहरूमा समेत यो कार्यक्रम सञ्चालन गरिने,

☞ विराटनगर, जनकपुर, नेपालगञ्ज र धनगढी विमानस्थललाई क्षेत्रीय विमानस्थलको रूपमा स्तरोन्नति गरी छिमेकी मुलकहरूसम्म उडान सुरू गरिने,

☞ लुम्बिनी क्षेत्रको निर्माण सम्पन्न गर्न, जनकपुरको जानकी मन्दिर संरक्षणको अध्ययन तथा उत्खनन् गर्न बजेटको व्यवस्था गरेको,

☞ तराई मधेशमा आर्सनिकबाट सुरक्षित खानेपानि कार्यक्रमको लागि आवश्यक बजेट विनियोजन ।



*संघीय नेपालको पहिलो बजेट प्रस्तुत गर्दै अर्थमन्त्री डा. युवराज खतिवडा ।*

☞ बुटवल-गोरखपुर अन्तरदेशीय प्रशारण लाइन थालनी र अन्य निर्माणाधीन प्रशारण लाइनहरूको निर्माण सम्पन्न गरिनेछ । लम्की-बरेली, दुहबी-पूर्णीया र कोहलपुर-लखनउ प्रशारण लाइनहरूको डिपीआर सुरू गरिनेछ ।

☞ सघन सहरी विकास कार्यक्रम अन्तर्गत तराई-मधेश लगायतका २१ जिल्ला सदरमुकाम सहरहरूको पूर्वाधार विकास र सौन्दर्यीकरणका लागि सञ्चालित आयोजनाहरूका लागि आवश्यक रकम विनियोजन ।

☞ बुटवलमा निर्माणाधीन अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र र अन्तर्राष्ट्रिय प्रदर्शनी केन्द्रको निर्माणका लागि आवश्यक बजेट विनियोजन ।

☞ काठमाडौं-निजगढ द्रूतमार्ग, हुलाी राजमार्ग निर्माण गर्न र राष्ट्रिय राजमार्गहरूलाई एक्प्रेस हाइवेको रूपमा विकास गर्न आवश्यक रकम विनियोजन ।

☞ दक्षिणी सीमा जोडिएका स्थानीय तह र अन्य भौकि पूर्वाधारको दृष्टिकोणले पछाडि परेको क्षेत्रहरूमा तराई-मधेश सडक पूर्वाधार विशेष कार्यक्रम सञ्चालन गर्न रू. ३ र्ब ५३ करोड विनियोजन ।

☞ आगामी आर्थिक वर्षमा मेची-महाकाली विद्युतीय रेलमार्गको काँकडभिट्ठ-बर्दिवास, बुटवल-गड्डाचौकी र मेची-महाकाली-काठमाडौं लिंकमार्गको सम्भाव्यता अध्ययन र डिपीआर तयार गरिनेछ ।

☞ आगामी आर्थक वर्षमा वीरगन्ज-काठमाडौं र बर्दिवास-सिमरा रेलमार्ग र रसुवागढी-काठमाडौं-पोखरा-लुम्बिनी रेलमार्ग निर्माणको डिपिआर तयार गरी निर्माण कार्य प्रारम्भ गरिनेछ ।

☞ तराई-मधेशमा मानव विकासको सूचकांकमा तुलनात्मक रूपमा पछाडि परेका स्थानीय तहहरूमा सघन रूपमा सामाजिक, आर्थिक रूपान्तरण र भौतिक पूर्वाधार विकासका कार्यक्रमहरू एकीकृत रूपमा सञ्चालन गर्न तराई मधेश समृद्धि कार्यक्रम लागू गरिनेछ । साबिकको सीमा क्षेत्र विकास कार्यक्रमलाई यसै कार्यक्रमभित्र आबद्ध गरिनेछ । यस कार्यक्रमका लागि रू.२ अर्ब ३ करोड ८ लाख विनियोजन ।

# फोरम-राजपा गठबन्धनको सरकार कुनै हालतमा फेरिँदैन : मुख्यमन्त्री राउत

**राकेश यादव,** रौतहट । प्रदेश २ का मुख्यमंत्री मो. लालबाबू राउत गद्दीले संघीय समाजवादी फोरम नेपाल र राष्ट्रिय जनता पार्टी नेपाल गठबन्धनको सरकार पाँच वर्षसम्म रहने बताएका छन् ।

रौतहटको सदरमुकाम गौरमा संघीय प्रेस फोरम जिल्ला समिति कार्यालयको उद्घाटन पश्चात् आयोजित पत्रकार सम्मलेनमा सम्बोधन गर्दै मुख्यमन्त्री राउतले फोरम नेपाल संघीय सरकारमा सहभागी भएपछि प्रदेश २ मा सरकार परिवर्तन हुने हल्ला निराधार भएको बताउँदै कुनै पनि हालतमा सरकार नफेरिने दावी गरे ।

केही संचार माध्यमले गलत हल्ला फैलाएकोले त्यसको पछि नलाग्न आग्रह गर्दै जनताले दिएको म्यान्डेड अनुसार गठबन्धनको सरकार ५ वर्षसम्म रहने ठोकूवा गरे ।

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको जनकपुर भ्रमणमा ७ करोड खर्च भएको संचारकर्मीको प्रश्नको जवावमा मुख्यमन्त्री राउतले रकम भुक्तानी नै नहुँदै ७ करोड खर्च कसरी भयो भने प्रश्न गरे ।




*संघीय प्रेस फोरम रौतहटले आयोजना गरेको पत्रकार सम्मेलनमा मुख्यमन्त्री राउत*

उनले भने, 'केही मधेश विरोधी मानसिकता भएका पित पत्रकारिता गर्ने मीडियाले निराधार समाचार प्रकाशन गरेर भ्रम फैलाएको हो ।'

संघीय सरकारको निमन्त्रणामा भारतीय प्रधानमन्त्री मोदी जनकपुर आएको र केन्द्र सरकारले १ रूपैयाँ पनि नदिएको र भएको खर्चको भुक्तानी हुन अहिलेसम्म बाँकी नै रहेकोमा ७ करोड खर्च कसरी भयो जिकिर गरे ।

प्रदेश २ को सरकार भ्रस्टाचार अन्त गर्दै सुशासनयुक्त सरकार हुने दावी गरे । मुख्यमन्त्री राउतले त्रुटिपूर्ण संविधान संशोधनको निमित संघीय सरकारमा फोरम सहभागी भएको प्रस्ट गरे ।

संविधान संशोधनका लागि दुई तिहाई बहुमत आवश्यक रहेको र फोरम सहभागी भएपछि संशोधन हुने निश्चित रहेको उनको तर्क रहेको छ । फोरम नेतृत्व सरकारले कुनै किसिमिको गलती गरेमा त्यसको बारेमा औल्याइ दिन संचारकर्मीहरूसित आग्रह गर्दै सरकारले केहि दिनका लागि सीमित बजेटको अनुसार निति तथा कार्यक्रम ल्याउने तयारी गरेको जानकारी गराए ।

कार्यक्रममा कृषि, भूमि व्यवस्था तथा सहकारी राज्यमन्त्री योगेन्द्र राय यादव, प्रदेश सांसद महमद अब्बुल कलाम आजाद, राम सिहासन चौधरी, संघीय समाजवादी फोरम नेपालका जिल्ला अध्यक्ष एवं देवाही गोनाही नगरपालिकाका प्रमुख धर्मेन्द्र पटेल, गौर नगरपालिकाका प्रमुख अजय गुप्ता, माधव नारायण नगरपालिकाका प्रमुख वीरेन्दर यादव, प्रदेश सदस्य बृजकिशोर यादव लगायतका जिल्ला स्तरीय नेताहरू सहभागी भएका थिए ।

कार्यक्रमपछि मुख्यमन्त्री राउत गौरको शानको रूपमा रहेको गौर राईस मिलको निरीक्षणसमेत गरेका थिए ।

# पोखरामा भारतीय पर्यटक वृद्धि

काठमाडौं । गर्मी छल्न पोखरा आउने र मुस्ताङको मुक्तिनाथ मन्दिर दर्शन गर्ने भारतीय पर्यटकको संख्या बढेको छ । पोखरा घुम्न र धार्मिक यात्राका लागि पछिल्लो समय पोखरा आउने भारतीय पर्यटक बढेको पर्यटन व्यवसायीहरूको भनाइ छ । हिन्दू र बौद्ध धर्मालम्बीको साझा धार्मिकस्थलका रूपमा प्रसिद्ध मुक्तिनाथ मन्दिरमा दर्शन गर्न पर्यटक बस रिजर्भ गरेर आउने गर्छन् । पोखरा मात्र घुम्न निजी सवारी साधन लिएर आउने भारतीय पर्यटक पनि बढेका छन् ।

अहिले पोखराका होटलमा सबभन्दा धेरै भारतीय पर्यटक छन् । नेपाल आएका पर्यटकमध्ये ३० प्रतिशत पोखरा आएको र तीमध्ये १५ प्रतिशत भारतीय पर्यटक रहेका छन् । मुक्तिनाथको रानीपौवामा भारतीय गुरूको प्रवचनसमेत चलेकाले भारतीय पर्यटकको आउने-जाने क्रम बढेको उनको भनाइ छ । हिमाली जिल्ला मुस्ताङको मुक्तिनाथ मन्दिर समुद्र सतहदेखि ३ हजार ७ सय १० मिटर उचाइमा छ । त्यहाँबाट धौलागिरि, नीलगिरि, थोरङलालगायत सुन्दर हिमशृंखला देखिन्छ ।

# थप पाँच हवाईमार्ग उपलब्ध गराउन नेपाल-भारत तयार

काठमाडौं । नेपाल र भारतबीच थप हवाइमार्ग उपलब्ध गराउने विषयमा प्राविधिक तयारी थालिएको छ । हवाई यातायातलाई थप सहज र सरल बनाउने लक्ष्यका साथ नेपालले थप हवाईमार्ग उपलब्ध गराउन विगत लामो समयदेखि प्रयास गर्दै आएको थियो ।

नेपाल प्रवेश गर्ने एउटा मात्र हवाईमार्गका कारण भोग्नुपरेको जटिलताले वायु सेवा प्रदायक कम्पनीहरूले थप व्ययभारसमेत व्योहोर्नु परेको सन्दर्भमा यस सम्बन्धी प्राविधिक तयारी सुरू गरिएको हो । सिमराको आकाशबाट मात्रै अन्तर्राष्ट्रिय वायु सेवाका जहाज काठमाडौंस्थित त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा अवतरण गर्ने गरेका छन् । गत चैत २३ देखि २५ गतेसम्म प्रधानमन्त्री केपी शर्मा ओलीले गरेको भारत भ्रमण र वैशाख २८ र २९ गते भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले गरेको नेपाल भ्रमणका क्रममा हवाईमार्गका बारेमा सहमति भएको हो ।

# पर्यटन प्रवर्द्धन गर्न नेपाली पर्यटन व्यवसायी भारतमा

काठमाडौं । 'चलिये पडोशी के पास, हरपल खुशहाल नजारा भी खास' नाराका साथ चितवनका पर्यटन व्यवसायी यति बेला भारतीय सीमा शहर पटनामा पर्यटन प्रवर्द्धनमा जुटेका छन् । हिन्दी भाषामा लेखिएको यो नाराले छिमेकीकोमा घुम्न जाउँ, सदावहार विशेष दृश्यावलोकनको सौन्दर्भमा 'रमाऔं भन्ने सन्देश दिएको छ' । नेपालका पर्यटकीय गन्तव्यमा सुविधा सम्पन्न होटल थपिँदा पर्यटक आकर्षित गर्ने उद्देश्यले भारतका विभिन्न शहरमा प्रचारप्रसार अभियान थालिएको हो । चितवन राष्ट्रिय निकुञ्जलाई केन्द्र पारेर बारादेखि लुम्बिनी सम्मको क्षेत्रको पर्यटकीय गन्तव्यलाई सीमाक्षेत्रको बिहार र उत्तर प्रदेशमा प्रचार गर्ने उद्देश्यले कार्यक्रम गरिएको हो । नेपाल पर्यटन बोर्डको सहयोगमा क्षेत्रीय होटल संघ नेपाल चितवन सौराहाले भारतको पटनामा यहाँका पर्यटन व्यवसँयीसँग अन्तर्क्रिया गरेको छ । नेपाल पर्यटन बोर्डको सहकार्य तथा क्षेत्रीय होटल संघ सौराहको समन्वयमा ३२ सदस्यीय टोली छिमेकी राष्ट्र भारतको रक्सौल, मोतिहारी, मुज्जफरपुर हुँदै पटना गएको हो । टोलीले पटनापछि वनारस र लखनउका पर्यटन व्यवसायीसँग छुट्टाछुट्टै अन्तर्क्रिया कार्यक्रम गर्ने छ ।

# अब भारतमा पनि सांग्रिला बुक्स पब्लिकेसन्स

काठमाडौं । सांग्रिला बुक्स प्रा. लि. काठमाडौं नेपालले सांग्रिला बुक्स पब्लिकेसन्स-इन्डियाको रूपमा भारतबाट समेत सञ्चालनमा आउने भएको छ । सांग्रिला बुक्स-इन्डियाले नेपाल र भारतमा रहेका नेपालीभाषी लेखक र पाठककोबीचमा पुलको काम गर्ने उदेश्य लिएको छ । नेपाल र भारतमा रहेका स्रष्टा र पाठकबीचको सेतु अझै प्रगाढ बनाउने साथै भाषिक र सांस्कृतिक रूपमा दुई मुलुकमा रहेका नेपालीभाषी समुदायलाई जोड्ने संस्थाको लक्ष्य रहेको छ । पब्लिकेसन्सले प्रधाननगरस्थित भानुभक्त समिति भवनमा रहेको कार्यालयमा बुक क्याफे समेत सञ्चालन गर्दैछ । बुक क्याफेमा नेपाली भाषामा प्रकाशित पुस्तकहरू समेत उपलब्ध हुने र अंग्रेजी, हिन्दी एवं बङ्गाली साहित्यका पुस्तक समेत उपलब्ध हुनेछन् ।

## 'हात बाँधेर दलितको अधिकार प्राप्त हुँदैन'

जनकपुर । प्रदेश २ का मुख्यमन्त्री लालबाबु राउतले दलित अधिकार हात बाँधेर प्राप्त नहुने बताएका छन् ।

उनले आफ्नो अधिकारका लागि दलित समुदाय अघि बढ्ने समय आएको बताए । राष्ट्रिय दलित नेटवर्क र दलित जनकल्याण युवा क्लबले आयोजना गरेको प्रदेश स्तरीय पहिलो दलित संसद कार्यक्रमलाई सम्बोधन गर्दै मुख्यमन्त्री राउतले दलितको समृद्धि बिना प्रदेशको समृद्धि सम्भव नभएको उल्लेख गरे । 'वर्षौ देखि दलित माथि हुँदै आएको विभेद अझै कायमै छ, प्रदेश सरकार प्रदेशलाई छुवाछूत र विभेद मुक्त बनाउन र दलित अधिकार सुनिश्चितताका लागि प्रदेश सरकार प्रतिबद्ध छ,'-उनले भने । कार्यक्रममा दलित अगुवा युक्तिलाल मरिकलाई बलदेव दास मानव मर्यादा पुरस्कारले प्रदान गरिएको थियो ।

## पानीजहाज सञ्चालन अध्ययन समिति गठन

काठमाडौं । आगामी आर्थिक वर्षमा जलमार्गको सम्भाव्यता अध्ययन गरिसक्ने गरी सरकारले एक अध्ययन समिति बनाएको छ । समितिले प्रधानमन्त्री केपी शर्मा ओलीको भारत भ्रमणमा भएको भारत र नेपालबीचको इनल्यान्ड वाटरवेजको माध्यमबाट नयाँ कनेक्टिभिटीको सिर्जना गर्ने सम्झौतालाई कार्यान्वयन गर्ने विषयमा प्राविधिक अध्ययन गर्नेछ । अध्ययन गण्डकी, कोसी र कर्णाली नदीमा केन्द्रित हुनेछ । समितिले भारतसँगको सहकार्यमा आवश्यक अध्ययन गरेर प्रतिवेदन बुझाउने छ । नेपालका नदी भारतको गंगामा गएर मिसिन्छन् । भारतले गण्डकी नदी गएर मिसिने गंगाको कालुघाटमा पानीजहाजको निम्ती आवश्यक संरचना बनाइरहेको छ ।



सदाचारीलाई स्वागत
भ्रष्टाचारीलाई बहिष्कार
भ्रष्टाचारविरूद्ध शून्य सहनशीलताको विकास गरौं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना विभाग

## विश्व परिवेश

# भारत-पाकिस्तान सम्बन्धमा एससिओको भूमिका



१८ औं सांघाई सहयोग संगठन (एससिओ) को शिखर सम्मेलन आउँदो ९ र १० जुनमा चीनको सान्दोङ प्रान्तस्थित क्विङदाओ सहरमा हुँदै छ। क्षेत्रीय सहयोग तथा साझा भविष्य बोकेको समुदायका रूपमा एससिओ विकास भएको छ। नयाँ अन्तर्राष्ट्रिय सम्बन्धलाई प्रोत्साहन गर्दै क्षेत्रीय स्थिरता तथा विकासका लागि एससिओले महत्वपूर्ण भूमिका निर्वाह गर्छ। यस संगठनका सदस्य राष्ट्रले आतंकवाद (साइबर आतंकवादसहित) विरूद्ध लड्ने, रणनीतिक सुरक्षा व्यवस्था लागू गर्ने, सूचना सुरक्षा गर्ने, लागुऔषध तथा कालो धनविरूद्ध लड्नेलगायत प्रतिबद्धतामा सहमति गरेका छन्।

वर्तमान अवस्थामा आतंकवाद, पृथकतावाद र उग्रवादले युरेसिया (युरोप र एसिया) क्षेत्रमा प्रश्रय पाएका छन्। यी तिनै अतिवादी पक्ष यस क्षेत्रका मुख्य खतरा र चुनौति बनेका छन्। यसर्थ, सांघाई सहयोग संगठन परिषद्का राष्ट्रप्रमुख सम्मिलित परिषद्ले आउँदो शिखर सम्मेलनमा यी तत्वविरूद्ध सन् २०१९-२०२१ सम्म प्राथमिकतासाथ लड्ने कार्यक्रम पारित गर्नेछन्। लागुपदार्थ ओसारपसार तथा हातहतियार व्यापार पनि थप चुनौतिका रूपमा देखा परेका छन्। यस्तो परिपेक्षमा क्षेत्रीय शान्ति तथा सुरक्षाको प्रत्याभूति तथा आतंकवादविरूद्ध लड्नु यसपटकको एससिओ शिखर सम्मेलनका मुख्य एजेन्डा हुनेछन्। यसैगरी सुरक्षा सहकार्य र आर्थिक सहयोगका मुद्दा सम्मेलनको केन्द्रमा हुनेछन्। बेल्ट एन्ड रोड इनिसिएटिभ (बिआरआई) लाई प्रोत्साहन गर्ने कार्यमा पनि कार्यमा पनि एससिओले महत्वपूर्ण भूमिका खेल्ने विश्वास लिइएको छ।

यस क्षेत्रका जनस्तरीय सम्बन्धलाई बढवा दिनु पनि सम्मेलनको अर्को महत्व हुनेछ। शिक्षा, संस्कृति, प्रकोप राहत कार्यक्रम तथा सार्वजनिक स्वास्थ्यसँग सम्बन्धित बहूपक्षीय दस्तावेजमा पनि एससिओ सदस्य राष्ट्रले हस्ताक्षर गरिसकेका छन्। भारत र पाकिस्तानलाई सांघाई सहयोग संगठनको सदस्यका रूपमा स्वीकारेपछि पहिलोपटक शिखर सम्मेलन आयोजना हुन लागेपनि यस संस्करणको सम्मेलन थप विशेष हुने अपेक्षा गरिएको छ। सन् २०१४ को सेप्टेम्बरमा चिनियाँ राष्ट्रपति सी जिनपिङले संगठनलाई खुला र समावेशी बनाउन नयाँ सदस्य थप्नुपर्ने आवश्यकता औंल्याएका थिए। यसरी अहिले पाकिस्तान र भारतसमेत सांघाई सहयोग संगठनमा समाहित भएसँगै संगठनले उच्च अन्तर्राष्ट्रिय हैसियत बनाएको छ। साथै यो संगठन सबैभन्दा धेरै जनसंख्या समेटेको विश्वको सबैभन्दा ठूलो क्षेत्रीय संगठन पनि बन्न पुगेको छ। भारत र पाकिस्तान यस संगठनमा आएसँगै नयाँ मुद्दा पनि भित्रिएका छन्। यसकारण भारत-पाकिस्तान सम्बन्धमा रहेका तिक्तता हटाउन तथा आपसी समस्या हल गर्न भारत र पाकिस्तान दुवै सदस्य राष्ट्र सांघाई सहयोग संगठनको मर्मसँग समाहित हुनुपर्छ। आपसी विश्वास, आपसी फाइदा, समानता, वार्ता, सांस्कृतिक विविधताको सम्मान र साझा विकासको खोजीजस्ता संगठनका मर्मलाई भारत र पाकिस्तानले आत्मसात् गरेर आपसी समस्या समाधान गर्न सक्छन्। यसका लागि संगठनका अन्य सदस्य राष्ट्रले पनि सहयोगी तथा मध्यस्तकर्ताको भूमिका निर्वाह गर्नुपर्छ।

-नयाँपत्रिकाबाट

# संविधानमा मुस्लिम अधिकार



हजरतअलि मुसलमान

कपिलवस्तु। २०७२ असोज ३ गते देखि आरम्भ भएको नेपालको संविधान कार्यान्वयनका लागि देशको स्थिति असमान हुँदाहुँदै तत्कालीन सरकार र प्रतिपक्षले कडा फैसला लिदै संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापनाका लागि राज्यको तीनटै तहमा निर्वाचन सम्पन्न गरायो। देशमा संघीयताको अभ्यास तथा लोकतान्त्रिक गणतन्त्रको चहल पहलमा शायद संघीय सरकारले संविधानको प्रस्तावना पनि बुझ्न जरूरी सम्झेन। प्रस्तावनामा नेपालको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधिनता र स्वाभिमानलाई अक्षुण्ण राखी जनताको सार्वभौम अधिकार र स्वशासनको अधिकारलाई आत्मसात गरे पनि राष्ट्रियहित लोकतन्त्र र आग्रगामी परिवर्तनका लागि नेपाली जनताले पटक पटक गर्दै आयेको ऐतिहासिक जनआन्दोलन, सशसत्र संघर्ष, त्याग र बलिदानको गौरवपूर्ण इतिहासलाई स्मरण एवम् शहीदहरू तथा बेपत्ता र पीडित नागरिकहरूलाई सम्मानको शब्द लेखे पनि, सामन्ति निरंकुश, केन्द्रकृत र एकात्मक राज्य व्यवस्थापनले सृजना गरेको सबै प्रकारको विभेद र उत्पीडनको अन्तय माने पनि बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसास्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषतालाई आत्मसात गरि विविधता बीचको एकता, सामाजिक सांस्कृतिक, सहिष्णुता र सद्भावलाई संरक्षण एवम् प्रवर्द्धन गर्दै वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लौंगिक विभेद र सबै प्रकारका जातीय छुवाछूतको अन्त गरी आर्थिक, समानता समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न र समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्नु रहेकोछ। संकल्पको खिल्ली उडाउँदै सत्ताको नशामा मनमौजी गरेको दखिएको छ।

सामाजिक न्याय सुनश्चित गर्न तथा समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तमा क्षमतामूलक समाजको निर्माण गर्दा गर्दै उच्च सदन अर्थात राष्ट्रियसभा संविधानद्वारा उल्लेखित एउटा प्रमुख कलस्टर जसलाई मुस्लिम भनेर चिनिन्छ कसरी विहीन भयो? संविधानको धारा १८ समानताको हकको उपधारा ३ मा राज्यले नागरिकहरूका बीच उत्पत्ति, धर्म, वर्ण, जात, जाती, लिंग, आर्थिक अवस्था, भाषा, क्षेत्र, वैचारिक अवस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गर्ने छैन भने पनि नेपालका नेपाली मुस्लिमहरूलाई समानताको हक अझ मिल्न सकेको छैन। धारा २६ को उपधारा १मा धर्ममा आस्था राख्ने प्रत्येक व्यक्तिलाई आफ्नो आस्थाअनुसार धर्मको अवलम्बन, अभ्यास र संरक्षण गर्न स्वतन्त्रता उल्लेख हुँदाहुँदै मुस्लिम समुदायको पर्व ईद, बकरिद तथा मोहम्मद दिवसमा राष्ट्रिय पर्वको सूचीबाट खारेज गर्ने मनसाय बुझ्न सकिएको छैन।

संविधानको गरिमा कोही बूझोस् कि नबुझोस् जातीय र उत्पीडित वर्गको उत्थानको कुरा कोही गरोस् कि नगरोस् तर तपाइँको पहिचान नै यी ऐजेण्डाहरू नै हुन्। तपाईकै संघर्षको नतीजामा आएका संविधानको धारा ३२ को उपधारा २ खुल्ला रूपमा लेखेछ कि प्रत्येक व्यक्ति र समुदायलाई आफ्नो समुदायको सांस्कृतिक जीवनमा सहभागी हुन पाउने हक हुनेछ। खोई कसरी तराईदेखि पहाड हुँदै हिमालसम्म बसोबास गर्ने मुस्लिम समुदायले शायद तपाइँकै सरकारको गलत नीतिले गर्दा भाषा र सांस्कृतिक हकबाट वन्चित हुने कगारमा छन्। सम्पूर्ण राजनीतिक दलका अगुवाहरू संघीय सरकारका संसदहरू, प्रदेश सभाका सदस्य तथा स्थानीय तहका प्रतिनिधिज्युहरू ! प्रिय पत्रकार साथी र सम्मानीय न्यायप्रेमी जनताहरू ! संविधानमा उल्लेखित "समाजिक र सांस्कृतिक दृष्टीले पिछडिएका महिला, दलित, अदिवासी, जनजाति, मधेशी, थारू, मुस्लिम, उत्पीडित वर्ग, पिछडा वर्ग, अल्पसंख्युक, सीमान्तीकृत, किसान, श्रमिक युवा, बालबालिका, ज्येष्ठ नागरिक, लौंगिक तथा यौनिक अल्पसंख्यक, अपंगता भएका व्यक्ति, असहाय, पिछडिएका क्षेत्र र आर्थिक रूपले विपन्न खस आर्य लगायत नागरिकको संरक्षण सशक्तिकरण वा विकासका लागि कानूनबमोजिम विशेष व्यवस्था गर्न रोक लगाएको मानिने छैन"को गरिमा बूझि नेपाली मुस्लिम समुदायको आस्थाविरूद्ध सरकारको सार्वजनिक बिदा (सालभरिमा तीन वटा मात्र) काटिएको मर्ममा सहयोग गरी नेपाली मुस्लिम समुदायको आस्तित्व जोगाई दिनु हुन हार्दिक अनुरोध गर्दछु।

– प्रस्तुति : इमराम खान

## आफ्नै पार्टीका सांसदलाई 'झापड'

जनकपुरधाम। प्रदेश २ को नेपाल कम्युनिष्ट पार्टीकी सांसद मञ्जु यादवले आफ्नै पार्टीकी एक सांसदलाई झापड हानेकी छिन्।

मंगलबार प्रदेशसभा बैठक सकिएपछि संसदीय दलको कार्यालयमा तत्कालीन एमालेका समानुपातिक सांसद यादवले धनुषाको क्षेत्र नं. १ (क) बाट निर्वाचित सांसद किशोरी साहलाई झापड हानेकी हुन्। दलको कार्यालयमा सांसदहरूको योजना टाइप गर्ने क्रममा भएको विवादमा यादवले महतोलाई झापड हानेकी थिइन।

सांसद यादवले आफ्नो योजना आफैं टाइप गर्ने बताएपछि यादव र साहबीच विवाद भएको थियो। कम्प्युटर अपरेटरसँग सांसद यादवको सामान्य भनाभन भइरहँदा सांसद साह झोक्किँदै आएर 'बकबक गर्छुस्, बढी बोले २ झापड हान्छु' भन्दै झापड नै हानेकी थिइन।

सांसद साहलाई झापड हान्दा संसदीय दलका नेता सत्यनारायण मण्डल र अर्का सांसद नागेन्द्र साह त्यहीं उपस्थित थिए।

## सुरूतुलेख प्रतियोगिता सम्पन्न

**इमरान खान,** कपिलवस्तु। जिल्लाको कृष्णनगर नगरपालिकामा स्थित आर.एम. कोचिंग सेंटरकोका प्रमुख राहुल मोदनवालले श्री मेहन्द्र स्कूलमा सुरूतुलेख प्रतियोगिता गराएका छन।

भारत र नेपालबाट आठ स्कूलका विद्यार्थीहरूले भाग लिएका यस सुरूतुलेख प्रतियोगितामा पहिलो स्थानमा अभिषेक चौधरी, दोस्रो स्थानमा साकिब खान, तेस्रो स्थानमा काशीफ खानले जित हासिल गरेका छन।

यस प्रतियोगिताका प्रमुख अतिथि सहारा पब्लिक स्कूलका प्रिंसिपल सायदा तबुसुम र विशिष्ट अतिथिमा कृष्णनगर नगरपालिका परसोत्तमपुरका स्वास्थ चौकीका अनामिक सुशीला पाण्डेय तथा कृष्णनगर नगरपालिका सिपकलाका प्रमुख शान्तिको उपस्थित भएको थियो।

गरिब जेहेन्दार बालबालिका भित्र लुकेको प्रतिभाहरूलाई अगाडी ल्याउने र राम्रो शिक्षा दिने जसबाट यिनै बालबालिका मध्य भविष्यमा कोहि डाक्टर, ईन्जिनियर लगायत देशको असल नागरीक बन्ने उद्देश्यरहेको छ। आर.एम. कोचिंग सेंटर का प्रमुख अध्यापक राहुल मोदनवालले बताए।

साथै अध्यापक राहुल मोदनवालले जनसमुदायहरूलाई अपिल गर्दै कुनै पनि गरिब असहाय बालबालिका छन् भने सम्पर्क गरिदिन हुन अनुरोध समेत गरेका छन्।

संरक्षित जलाधार समुन्नतिको आधार,
आफ्नो जलाधार क्षेत्रको संरक्षण गरौं ।

नाङ्गा डाँडापाखामा वृक्षरोपण गरौं। मूलपानी संकलन गरी सिंचाईमा प्रयोग गर्न संरक्षण पोखरी निर्माण गरौं। भिरालो जमिनमा समथल उच्च रेखामा वृक्षारोपण गरी संरक्षण गरौं। गल्छी पहिरो रोकथाम गर्न जैविक विधि अपनाऔं।

भू-तथा जलाधार संरक्षण विभाग
बबरमहल, काठमाडौं

## जिल्ला समाचार

### बुद्ध एयरको नेपालगन्ज-दिल्ली उडान तयारी

नेपालगन्ज। बुद्ध एयरले नेपालगन्ज-दिल्ली उडान भर्ने तयारी गरेपछि स्थानीयमा उत्साह देखिएको छ। पत्रकार सम्मेलनमा नेपालगन्ज उद्योग व्यापार संघका अध्यक्ष नन्दलाल वैश्यले यो उडानले यस क्षेत्रको आर्थिक, पर्यटकीय क्षेत्रको विकासमा मद्दत पुग्ने बताए। स्वास्थ्य क्षेत्र पनि उडानबाट आशावादी छ। होटल एसोसिएसन हानका प्रदेश ५ का महासचिव लोकनाथ आचार्यले स्वर्गद्वारीलगायत पर्यटकीय क्षेत्रमा भारतीय पर्यटक भित्रिने दाबी गरे।

### सिरहामा मानवअधिकार रक्षक संजाल गठन

सिरहा। समाजमा भइरहको विभिन्न खाले मानव अधिकारसँग जोडिएका घटनाहरूलाई उजागर गरी प्रभावकारी ढंगले सामाजिक न्याय र सुदृढीकरणका लागि तराई मानव अधिकार रक्षक संजाल (थर्ड एलायन्स) को रोहबरमा सिरहामा ११ सदस्यीय सिरहा मानवअधिकार रक्षक संजाल सोमबार गठन गरिएको छ।

सिरहाको लहानमा थर्ड एलायन्सको पहलमा भएको भेलाबाट चन्दन कुमार कर्णको संयोजकत्वमा गठन गरिएको संजालको सह-संयोजकमा रिक्मा विश्वकर्मा र सचिवमा राम नारायण पंडितलाई चयन गरिएको छ।

### विद्यालयको प्राङ्गणमा वृक्षरोपण

वीरगंज। अन्तर्राष्ट्रिय वातावरण दिवस २०७५ को उपलक्ष्यमा जि.एच.पी.मा.बि.ले विद्यालयको प्राङ्गणमा वृक्षरोपण कार्यक्रम गरेको छ।

सो अन्तर्राष्ट्रिय वातावरण दिवसको उपलक्ष्यमा वृक्षारोपण कार्यक्रमको उद्घाटन कार्यक्रमका प्रमुख अतिथि वीरगंज महानगरपालिकाका प्रमुख विजय सराबगी र विशेष अतिथि अर्थ मिस नेपालकी रोजिना श्रेष्ठले विद्यालयको प्राङ्गणमा बिरूवा रोपी कार्यक्रमको उद्घाटन गरेका छन्।

### रक्षक संजालको सचिवमा पत्रकार पण्डित

सिरहा। मानवअधिकार रक्षक संजाल सिरहाको सचिवमा राम नारायण पंडित चयन भएका छन्। करीब एक दशकदेखि पत्रकारिताको साथै विभिन्न संघसंस्थामा रही काम गर्दै आएका पंडित समसामयिक बिषयमा दखल मानिन्छन्। रेडियो धड्कन ८९.६ मेगाहर्ज मिर्चैयाका स्टेशन ईन्चार्ज र साझासबाल डटकमका सिरहा सम्पादक समेत रहेका पंडित स्थानीय र राष्ट्रिय मिडियाहरूमा आवद्ध रहेका छन्।

संजालको सचिबमा चयन भएपछि उनले भने "संस्थाले दिएको जिम्मेबारी ईमान्दारितको साथ बहन गर्छु, मानवधिकार अधिकारको उल्लंघनका घटनाहरूमा पीडितको पक्षमा वकालत गर्न कुनै कसर बाँकी राख्दिन।"

अन्यायमा परेकाहरूलाई न्यायको लागि जुनसुकै बेला तयार रहने समेत सचिब पंडितले बताए। मानवअधिकारको उल्लंघन वा हनन लगायतका घटनालाई उजागर गर्दै पिडित पक्षको न्यायको लागि पैरवी गर्ने समेत उनले दाबी गरे।

### संसदीय दलका नेतामा मुख्यमन्त्री भट्ट

धनगढी। प्रदेश नं. ७ को प्रदेशसभामा नेपाल कम्युनिष्ट पार्टीको संसदीय दलको नेतामा मुख्यमन्त्री त्रिलोचन भट्ट चयन भएका छन्। यसैगरी दलको उपनेतामा आन्तरिक मामिला तथा कानूनमन्त्री प्रकाशबहादुर शाह, प्रमुख सचेतकमा तारालामा तामाङ र सचेतकमा अक्कलबहादुर रावललाई निर्वाचित गरेको छ।

### उपचार खर्च नहुँदा अस्पतालमै बन्धक

विराटनगर। उपचार खर्च नतिरेको भन्दै मोरङको विराटनगरस्थित गोल्डेन अस्पतालले एक बिरामीलाई घर जान दिएको छैन। उपचार खर्च तिर्न नसक्दा ताप्लेजुङको मैवाखोला-४ का ५४ वर्षीय कुलबहादुर लिम्बू दुई महिनाभन्दा बढी समयदेखि अस्पतालमै बस्नुपरेको हो।

बिरामीका आफन्तले लिम्बूलाई अस्पतालले बन्धक बनाएर राखेको भन्दै सहयोगका लागि संघसंस्थासँग हारगुहार गरेका छन्। फागुन २६ गते घाँस काट्ने क्रममा रूखबाट खसेर घाइते भएका लिम्बूको टाउकोमा चोट लागेको थियो।

### प्रदेशसभा बैठकमा प्रतिवेदन पेस

धनगढी। प्रदेशसभाको बजेट अधिवेशनको सोमबारको बैठकमा प्रदेश सरकारबाट प्रस्तुत तीनवटा विधेयकमाथि विषयगत समितिले प्रतिवेदन पेश गरेका छन्। बैठकमा सार्वजनिक लिखत प्रमाणीकरण सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक-२०७५, स्थानिय तहका पदाधिकारीको सेवा सुविधा सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक-२०७५ र स्थानीय तहको कानुन निर्माण सम्बन्धमा व्यवस्थ ागर्न बनेको विधेयक माथि विषयगत समितिका प्रतिवेदन पेश भएका हुन्।

### खुल्ला दिशा मुक्त नगरपालिका घोषित

**राकेश यादव,** रौतहट । रौतहट जिल्लाको परोहा नगरपालिका चौथो खुल्ला दिशामुक्त नगरपालिका घोषणा भएको छ।

नगर स्तरीय खानेपानी सरसफाई तथा स्वच्छता समन्वय समितिले स्थानीय ब्रह्मज्योति माध्यमिक विद्यालयको प्रांगणमा आयोजना गरेको पूर्ण खोप सुनिश्चिता तथा खुल्ला दिशा मुक्त घोषणा समारोहमा प्रमुख अतिथि प्रतिनिधि सभा सदस्य एवं पूर्व मन्त्री महमद आफताव आलमले परोहा नगरपालिका तेस्रो पूर्ण खोप तथा चौथो खुल्लादिशा मुक्त नगरपालिका घोषणा गरेका थिए।

राष्ट्रिय सरसफाई गुरू योजना २०६८ बमोजिम एक घर एक चर्पीको अवधारणा अन्तर्गत प्रत्येक घरमा शौचालय निर्माण भई प्रयोगमा आएकोले तथा १६ देखि २३ महीना सम्मको बालबालिकाहरूलाई ११ किसिमको खोप लगाई सकेकोले नगरपालिकालाइ पूर्ण खोप तथा खुल्ला दिशा मुक्त नगरपालिका घोषणा गरिएको हो। घोषणा समारोहको सम्वोधन गर्दै सासंद आलमले शौचालय निर्माण गरिसके पछि नियमित प्रयोग गर्ने बानी बसाल्नु पर्नेमा जोड़ दिएका छन।

### ग्रामीण विकास कार्यक्रम सञ्चालन हुने

रूपन्देही। प्रदेश नम्वर ५ को मन्त्री परिषदको बैठकले प्रदेशको बित्त व्यवस्थापन विधायक २०७५ र प्रदेश कर तथा गैर कर राजश्व सम्बन्धी विधायक २०७५ स्विकृत गरी प्रदेश सभामा पेश गर्ने निणर्य गरेको छ। मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा बसेको बैठकले बित्त व्यवस्थापन विधायक र प्रदेश कर तथा गैर कर राजश्व सम्बन्धी विधायक स्विकृत गरी अब बस्ने प्रदेश सभाको बैठकमा पेश गर्ने निणर्य गरेको छ। यी दुई विधेयक बजेट आउनु अघि नै प्रदेश सभाबाट पारित भई प्रदेश प्रमुखबाट प्रमाणिकरण भईसक्नु पर्ने छ। मन्त्री परिषदको बैठकले मुख्यमन्त्री ग्रामिण विकास कार्यक्रम सञ्चालनका लागि प्रदेशमा मानव विकास सुचकंमा पछाडी परेका ३५ गाउँपालिका छनौट गरेको छ।

### स्वास्थ्यकर्मीद्वारा नगरपालिकामा धर्ना

**राम नारायण पंडित,** सिरहा। तलबको माग गर्दै स्थानिय तहका स्वास्थ्यकर्मीहरूले मिर्चैया नगरपालिकामा धर्ना दिएका छन्। तलब उपलब्ध गराउन पटक-पटक माग गरेपनि नगरपालिकाले पाँच महिनादेखि मासिक तलब उपलब्ध नगराएकोले बाध्य भएर आज (बुधबार) बिहान १० बजेदेखि बेलुकी ४ बजेसम्म धर्ना दिनु परेको स्बस्थ्यकर्मीहरूले बताए। संघीय संरचना लागू भएसँगै स्वास्थ्य मन्त्रालयले स्थानीय तहका प्राथामिक स्वास्थ्य केन्द्र र स्वास्थ्य चौकीको व्यवस्थापनको नेतृत्व स्थानीय सरकारलाई हस्तान्तरण गरिसकेको अवस्थामा नगरपालिकाले तलब उपलब्ध नगराउँदा समस्यामा परेको उनीहरूको भनाई रहेको छ।

### जिससबाट संस्कृत पाठशालाको अनुगमन

चन्दनकुमार यादव, सप्तरी। जिल्ला समन्वय समिति सप्तरीका प्रमुख प्रभाकर यादवले जिल्लाको सिमा विकास कार्यक्रम अनुगमन गरिएको छ।

प्रमुख यादवले सिमा विकास कार्यक्रम अन्तर्गत तिलाठी कोईलाडी गाँउपालीका वडा नम्वर ३ संस्कृत पाठशालाको निर्माण कार्यक्रमको अनुगमन गरिएको छ।

बर्षौं देखि जिर्ण रहेको पाठशालामा परिसरमा समुदाय भवन र संस्कृत पाठशालाको अधुरो निर्माण कार्यको जिसस प्रमुखबाट अनुगमन गरिएको छ।


जुन प्रकारबाट अप्रत्याशित रूपमा करका दर बढाइएका छन्, त्यसले लगानीकर्तामा आत्मविश्वास बढ्दैन। सम्भवत: नेपाल एसियाकै उच्च करका दर भएको मुलुकका रूपमा चित्रित हुने सम्भावना छ। भारतमा औसत करका दर जी.डी.पी.को १८५ छ। नेपालमा यस्तो कर २४५ कायम रहेकोमा आगामी वर्षमा ३३५ पुग्नेछ। **विनोद चौधरी**


फास्ट ट्र्याक सडकबाट मात्र एक घण्टामा काठमाडौं पुग्न सकिने व्यवस्था हुने भएपछि निजगढमा अन्तराष्ट्रिय विमानस्थल किन चाहियो। निजगढ विमानस्थल मधेशको जंगल विनाश गरि बसाई-सराई गराई मधेशको जनसंख्याको प्रकृति परिवर्तन गर्ने राज्यको लक्ष्य हो। **सरिता गिरी**


उपेन्द्र यादवको सत्ता आकांक्षा पूर्ण, उग्र मधेशको नारा सत्ताका लागि। ओली सम्राट अशोक नै बन्न खोज्या हुन् कि ? अब महतोलाई पनि हुलेर २५ मन्त्रीको कोटा पुरा गर्ने पो हुन् कि। शक्तिशाली हुनुको अर्थ अझ बढि जवाफदेही हुनु हो, देश र जनताप्रति। नीति भन्छ - धेरै मातले समाज र आफू दुवैको निवास। **कृष्ण घिमिरे**


प्रदेश २ मा राजनीतिक दलहरूको ओत लागेका केही द्वन्द्वजीविहरू विभिन्न बहानामा द्वन्द्वको खेतीपाती गर्दैछन्। विकास र आर्थिक समृद्धिका साथ प्रदेशलाई अधिकार सम्पन्न बनाउनुपर्छ भन्नेमा कसैको दुई मत हुनै सक्दैन। तर, झिनामसिना कुरामा अल्झिनुको कुनै तुक छैन। **दिनेश यादव**


समाजमा दाइजो प्रथा सामाजिक अपराध र कुप्रथाको प्रवृत्तिको रूपमा चित्रित गरिन्छ तर हाम्रा नेताहरू सर्वहारा वर्गको वकालत गर्दै राज्यको अर्थिक दुरूपयोग गरि श्रीमतीको नाममा अर्थिक स्रोत दाइजोको रूपमा देखाउने गर्दछ, त्यो चाहिँ समाजिक सामाजिक अपराध तथा भ्रष्टाचार होईन र ? **सूर्यमान तामाङ**


फेरि मधेशमा आन्दोलन चलाइने भयो, धर्मछाडा काठमाडौंलाई गलाइने भयो, हिन्दुराज्य फर्काउन भारतको चासो छ, संभावित नाकाबन्दी गलामा पासो छ, नेताहरू चैं राजतन्त्र पनि फर्काउन चाहन्छन्, अब उपन्यास संविधान पोलेर खान्छन्, राजारानीको छुट्टी पुरा भयो, गणतन्त्रको सपना शिशा झैं फुटेर चकनाचुर भयो। **मुकुन्द घिमिरे**


संविधान निर्माणको क्रममा जतिबेला मधेशीको अधिकार खोसिदैं थियो, त्यतिवेला त्यसलाई मधेशीहरू मात्रको समस्या भन्दै अरू सबै सिमान्तकृत समुहहरू मौन बसेका थिए। त्यसपछि दलित र जनजातिको अधिकार खोसियो। आरक्षणमा ६वटा क्लस्टरबाट आठ वटा बनाएर खस आर्यलाई थप्दा सबैले ताली नै बजाए। हुँदाहुँदा अहिले आएर महिलाको अधिकार पनि खोसिन पुग्यो। दल दर्ता गर्दा ३३५ महिला हुनुपर्ने प्रावधानलाई लत्याईयो। तै पनि सबै मौन। आखिर यो मौनता कहिलेसम्म ? **रिता साह**

## दोधारमा...

प्रदेश २ मा सबैभन्दा ठूलो पार्टी नेकपा हो। त्यसपछि दोस्रो ठूलो दल फोरम नेपाल हो। केन्द्रमा ती दलको सहकार्य भएको हुनाले प्रदेशमा पनि संयुक्त सरकार बनाउने सम्भावना बनेको छ।

राजपाले आन्तरिक किचलोकै कारण कुनै निर्णयमा पुग्न सकिरहेको छैन। प्रतिनिधिसभा गठन भएको पाँच महिनाभन्दा बढी भइसक्दा पनि उसले अहिलेसम्म संसदीय दलको नेता चयन गर्न सकेको छैन। संसद दलका नेताका लागि शीर्ष नेताहरूबीच नै तीव्र प्रतिस्पर्धा रहेको छ। संसदीय दलको नेता चयनको विवादका कारण महाधिवेशनको मिति पनि तोक्न सकेको छैन।

## प्रदेश २ सरकारको...

प्रदेश सरकारले मिथिला तथा मिथिला भोजपुरालगायत मधेसका सांस्कृतिक पहिचान बोकेका धरोहरहरूको संरक्षणका लागि प्रदेश सांस्कृतिक संरक्षण केन्द्रको स्थापना गर्ने नीति अघि सारेको छ।

नीति तथा कार्यक्रममा सरकारले प्रदेश सहकारी विकास बोर्ड, उखु विकास बोर्ड, डेरी विकास बोर्ड, मत्स्य विकास बोर्ड, तरकारी तथा फलफूल विकास बोर्ड गठन गर्ने, प्रदेशको विद्यमान आर्थिक, सामाजिक पूर्वाधार विकास, मानव विकासको अवस्थालगायत सम्पूर्ण क्षेत्रको तथ्यपरक चित्र झल्काउने आधार तथ्यांकहरूको संकलन गर्ने कामलाई प्राथमिकताका साथ अघि बढाउने, भूमि बैंकको स्थापना, बन्द भएका सरकारी उद्योगहरूको सञ्चालनलगायत योजना उल्लेख छ।

त्यसैगरी प्रदेशमा उपलब्ध जलस्रोत विकास एवम व्यवस्थापन तथा उपयोगितको लागि एकीकृत जलस्रोत नीति तर्जुमा गरिने भएको छ। जलस्रोतको संरक्षण, व्यवस्थापन र समन्वयात्मक बहुआयामिक उपयोग गर्ने कानूनी व्यवस्थाको नीति सरकारले लिएको छ।

त्यसैगरी जनकपुर-जयनगर रेलमार्ग, वीरगञ्ज-अमलेखगञ्ज पेट्रोलियम पाइप लाइन, सिमरा विशेष आर्थिक क्षेत्र, निजगढ अन्तर्राष्ट्रिय विमानस्थल, कोशी जलयातायात जस्ता राष्ट्रिय स्तरका ओयोजनाबाट प्रदेश अन्तर्गतका औद्योगिकीकरण, वाणिज्य व्यापारलाई टेवा पुग्ने नीति तर्जुमा गरिने नीति कार्यक्रममा उल्लेख छ। प्रदेश सरकारले बेटी पढाउ, बेटी बचाउ आफ्नो कार्यक्रमलाई निरन्तरता दिने जनाएको छ। प्रदेशको हरेक जिल्लाको सदरमुकाम छुनेगरी रेलमार्ग निर्माण गर्न, निजगढमा निर्माण हुने दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल र प्रदेशको सम्पूर्ण जिल्ला सदरमुकाम जोडिने हुलाकी राजमार्ग निर्माण कार्य द्रुत गतिमा बढाउन संघीय सरकारलाई आवश्यक सहयोग तथा सकारात्मक वातावरण निर्माण गर्ने प्रतिबद्धता सरकारले व्यक्त गरेको छ।

जनकपुर अञ्चल अस्पतालमा हृदयरोग उपचारको लागि काठमाण्डौंस्थित गंगालाल अस्पतालको युनिट खडा गर्नुका साथै नारायणी अञ्चल अस्पताललाई वीरगञ्ज हृदयरोग उपचार केन्द्रको रूपमा विकास गर्ने योजना प्रदेश सरकारको छ।

# प्रधानसेनापति क्षत्री भारतमा

काठमाडौं। प्रधानसेनापति राजेन्द्र क्षत्री ६ दिने भारत भ्रमणको क्रममा देहरादुन पुगेका छन्। भारतीय सेनाका सेनाध्यक्ष जनरल विपिन रावतको औपचारिक निमन्त्रणामा देहरादुनस्थित भारतीय सेनाको इण्डियन मिलिटरी एकेडेमीमा सञ्चालित अधिकृत आधार तालिमको आयुक्त पद प्रदान कवाजको चिफ रिभ्युविङ्ग अफिसरको रूपमा आतिथ्यताको लागि प्रधानसेनापति राजेन्द्र क्षत्री ६ दिने भ्रमणको लागि मित्रराष्ट्र भारततर्फ पुगेका छन्। उनलाई


बलाधिकृत रथी पूर्णचन्द्र थापाले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा विदाई गरेका थिए।

भ्रमणको अवधिभर प्रधानसेनापति क्षत्रीको अनुपस्थितिमा पूर्णचन्द्र थापाले कायम मुकायम प्रधानसेनापतिको कार्यभार सम्हाल्नेछन्। भ्रमणको दौरान प्रधानसेनापति क्षत्रीले भारतका रक्षामन्त्री, राष्ट्रिय सुरक्षा सल्लाहकार, वायु सेनाध्यक्ष, जल सेनाध्यक्षसहित अन्य उच्च पदस्थ अधिकारीहरूसँग छुट्टाछुट्टै भेटवार्ता गर्ने कार्यक्रम रहेको जनसम्पर्क तथा सूचना निर्देशनालयले जनाएको छ। भ्रमण सम्पन्न गरी प्रधानसेनापति क्षत्री जेठ २८ गते सोमबार स्वदेश फिर्ता हुने कार्यक्रम रहेको छ।

# असारभित्र महाधिवेशन गर्न राजपालाई निर्देशन

काठमाडौं। निर्वाचन आयोगले असार मसान्तभित्र पार्टीको महाधिवेशन गर्न राष्ट्रिय जनता पार्टीलाई निर्देशन दिएको छ। आयोगले पत्र नै काटेर असार ३२ गते भित्र महाधिवेशन गर्न निर्देशनात्मक आदेश दिएको हो। आयोगको पत्र पाए पछि अध्यक्ष मण्डलका संयोजक महन्थ ठाकुरले अध्यक्ष मण्डलका सदस्यहरूसँग छलफल गरे पनि यसबारे कुनै निर्णय भएको छैन। ६ वटा मधेशी दल मिलेर गत वर्ष वैशाख ७ गते राष्ट्रिय जनता पार्टी गठन भएको थियो।

दल दर्ताका क्रममा पार्टीले एक वर्षभित्र महाधिवेशन गर्ने उल्लेख गरेको थियो। पार्टीले विधानको धारा २२ को उपधारा १० अनुसार एक वर्ष भित्र महाधिवेनश गर्ने जनाएको थियो। निर्वाचन आयोगले त्यही दफालाई टेकेर ३० असारभित्र महाधिवेशन गर्न निर्देशन दिएको हो। राजपा भित्र महाधिवेशनको विषयमा अध्यक्ष मण्डलकै सदस्यहरूबीच विवाद रहँदै आएको छ। आजको मितिबाट अब ३६ दिनभित्र महाधिवेशन कसरी गर्ने भन्ने पार्टीमा समस्यामा परेको एक नेताले बताएका छन्।

## तिवारीको कविता अब हिन्दीमा

काठमाडौं। नेपाली कवि सरिता तिवारीको 'प्रश्नहरूको कारखाना'को हिन्दी अनुवाद 'सवालों का कारखाना'को विमोचन भएको छ। काठमाडौँको भृकुटीमण्डपमा जारी अन्तर्राष्ट्रिय पुस्तक प्रदर्शनीमा प्राज्ञ डा. अमर गिरी, साहित्यकार तथा अभियान्ता सत्यम् बर्मा, कवि तथा अनुवादक प्रमोद धिताल, कवि सरिता तिवारी तथा समीक्षक बन्दना ढकालले संयुक्त रूपमा पुस्तकको विमोचन गरेका हुन्। पुस्तकलाई परिकल्पना प्रकाशन, भारतले प्रकाशनमा ल्याएको हो। कवि तिवारीले आफ्ना कवितामा पहिचान, नारीवाद र उत्पीडित पक्षका आवाज उठाएकी छिन।

## मुल्यवृद्धि फिर्ता गर्न माग

काठमाडौं। वर्तमान सरकारले पटक-पटक पेट्रोलियम पदार्थमा गर्दै आएको मूल्य वृद्धिप्रति विभिन्न राजनीतिक दलका विद्यार्थी संगठनहरूले विरोध जनाएका छन्। सत्तारूढ तथा विपक्षी दललगायतका विद्यार्थी संगठनहरूले सोमबार उद्योग वाणिज्य तथा आपूर्तिमन्त्री मातृका यादवलाई मूल्यवृद्धिप्रति ध्यानाकर्षण गराउँदै तत्काल मूल्यवृद्धि फिर्ता गर्न माग गरेका छन्। विद्यार्थी संगठनहरूले तत्काल माग सम्बोधन नगरिए चरणबद्ध आन्दोलन गर्ने मन्त्री यादवलाई चेतावनी समेत दिएका छन्। अखिल (क्रान्तिकारी) का अध्यक्ष चिरञ्जीवी ढकाल, समाजवादी विद्यार्थी फोरम नेपालका अध्यक्ष विवेक राई, राजपा विद्यार्थी संगठनका महासचिव रंजित निष्पक्ष, नयाँ शक्ति विद्यार्थी यूनियनका अध्यक्ष श्याम बाबु गौतम, अनेरास्ववियू (पाँचौं) का अध्यक्ष घनश्याम मिश्र, अखिल (क्रान्तिकारी) का अध्यक्ष सेवन्तराज भण्डारी, राष्ट्रवादी विद्यार्थी संघका अध्यक्ष ताराप्रसाद अर्याल र अखिल (क्रान्तिकारी) का संयोजक आलोक रायमाझीले संयुक्त रूपमा पेट्रोलियम पदार्थको मूल्यवृद्धि फिर्ताको लागि माग गरेका छन्।

## आर्थिक समाचार

### सिटिजन्सद्वारा वृक्षरोपण कार्यक्रम

काठमाडौं। सिटिजन्स बैंक इन्टरनेशनलले वृक्षारोपण कार्यक्रम गरेको छ। वैंकले संस्थागत सामाजिक उत्तरदायित्व कार्यक्रमअर्न्तगत जेठ २२ गते अर्थात विश्व वातावरण दिवसको अवसरमा आफ्नो प्रांगणमा वृक्षारोपण कार्यक्रम संचालन गरेको हो। नेपाल सरकारले अवलम्बन गरेको एक कर्मचारी एक फलफूलको विरूवा नीतिलाई मूर्तरूप प्रदान गर्न बैंकको प्रांगणमा वृक्षारोपण कार्यक्रम सफलतापूवर्क सम्पन्न गरिएको हो। बैंकका प्रमुख कार्यकारी अधिकृत राजन सिंह भण्डारीको उपस्थितिमा बैंकका कर्मचारीहरूले वृक्षारोपण गरेका छन्।

### ग्लोबल आईएमई र स्टारबीच सम्झौता

ग्लोबल आईएमई बैंक र स्टार अस्पताल प्रालिबीच अस्पतालले प्रदान गर्ने विभिन्न सेवा तथा सुविधाहरूमा दिइने छुटसम्बन्धी सम्झौतापत्रमा हस्ताक्षर भएको छ। बैंकले अस्पतालसँग आफ्ना ग्राहकलाई स्वदेशमै गुणस्तरीय उपचारमा सहुलियत दिने उद्देश्यले दुईपक्षीय सम्झौता गरेको हो। सम्झौता पत्रमा बैंकका तर्फबाट बजार व्यवस्थापन एवं व्यवसाय प्रवर्द्धन विभाग प्रमुख गणेश अवस्थी र स्टार अस्पतालका प्रबन्ध निर्देशक, डा. शाहिल रूपाखेतीले हस्ताक्षर गरेका छन्।

### सिभिलको बोनस सेयर प्रस्ताव

काठमाडौं। सिभिल बैंकले गत आर्थिक वर्षको नाफाबाट बोनस सेयर प्रस्ताव गरेको छ। बैंक सञ्चालन समितिको सोमबार बसेको २४८औं बैठकले सेयरधनीलाई १०.२५ प्रतिशत बोनस र कर प्रयोजनका लागि ०.५४ प्रतिशत नगद लाभांश वितरण गर्ने प्रस्ताव गरेको हो। बैंकले ७४ करोड ४० लाख ७९ हजार ३१२ रूपैयाँ बोनस सेयर र बोनसमा लाग्ने कर प्रयोजनका लागि तीन करोड ९१ लाख ६२ हजार ६९ रूपैयाँ नगद लाभांश प्रस्ताव गरेको हो।






**मधेशवाणी फेसबुक लाइभ**

**Coming Soon...**

मधेशवाणीको आयोजनामा देश र मधेशका जल्दोबल्दो मुद्दाबारे सम्बन्धित पक्षसँग कुराकानी गर्न मधेशवाणी फेसबुक लाइभ कार्यक्रम सञ्चालन गर्न गइरहेको जानकारी गराइन्छ। – मधेशवाणी टीम

www.facebook.com/madheshvani/

**मधेशवाणी प्रा.लि.**द्वारा प्रकाशित, सम्पादक : **राजेश अहिराज**, कार्यकारी सम्पादक : **रामसुकुल मण्डल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ४२६६१४२, ४२६६१४१, फ्याक्स : ४२६६१४१, Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं